## श्रीमतीलाई जबर्जस्ती गरे जेल

काठमाडौं । अब आफ्नै श्रीमतीसँग सम्भोग गर्न बलजफ्ती गरे जेल बस्नुपर्ने भएको छ । नयाँ मुलुकी आचारसंहिता २०७४ मा श्रीमतीसँगको सहमतिमा मात्र सहबास गर्न पाइने प्रावधान समेटिएको छ । श्रीमतीको अनुमति नभई जबर्जस्ती 'सेक्स' गर्न खोजे त्यसलाई बलात्कारकै रुपमा लिँदै जेल सजाय भोग्नुपर्नेछ । श्रीमतीको इच्छाविपरीत यौन सम्पर्क गरेमा र श्रीमतीले जबर्जस्ती गरेको उजुरी गरेमा श्रीमान्ले **बाँकी ८ पेजमा**

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## ग्रेटर नेपाल 'क' श्रेणीमा

काठमाडौं । प्रेस काउन्सिल नेपालले आव ०७३।७४ को पत्रपत्रिकाहरूको वर्गीकरणको नतिजा सार्वजनिक गरेको छ । वितरण संपरीक्षणमा ग्रेटर नेपाल साप्ताहिक 'क' श्रेणीमा परेको छ । विगत ६ वर्षदेखि अनवरत रूपमा प्रकाशित हुँदै आएको यो पत्रिका यसअघिको प्रेस काउन्सिलको वर्गीकरणमा पनि 'क' श्रेणीमै थियो ।

वर्गीकरणका लागि देशभरिबाट प्रकाशित हुने ९५३ पत्रपत्रिकाले प्रेस काउन्सिलमा आवेदन दिएका थिए ।

वर्ष ७ अंक १८, २०७५ साल भदौ १ गते शुक्रबार, नेपाल संवत् ११३८ (Aug. 17, 2018) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# करको मारमा जनता, अभिसाप बन्दै संघीयता

काठमाडौं । केपी ओली नेतृत्वको वामपन्थी भनिने सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' को सस्तो लोकप्रिय नारा घन्काएको ६ महिना भयो । तर समृद्धिका लागि कुनै पनि प्रकारका आयोजना र कार्यक्रम ल्याउन भने भुसक्कै बिर्सिएको छ । जबसम्म आर्थिक वृद्धिको स्रोत पहिचान गरिन्न र त्यसमा लगानी बढाइन्न तबसम्म आर्थिक वृद्धिदरको सूचकांकमा सुधार हुँदैन । सरकारको आर्थिक बजेट समेत जब आर्थिक वृद्धिको स्रोतका बारेमा केही बोल्दैन भने मुलुक आर्थिक रुपले समृद्ध हुनेछ भनेर सर्वसाधारणले कसरी पत्याउने ? सरकरले अहिलेसम्म समृद्धि प्राप्तिको निम्ति भनेर कुनै राष्ट्रिय प्राथमिकता निर्धारण नगर्नु, कुनै कार्यक्रम र आयोजना प्रस्ताव गर्न नसक्नुले उसले लगाएको समृद्धिको नारा जनता झुक्याउने साजिस मात्र भएको प्रतीत हुन्छ ।





स्थानीय तहका नयाँ करदाताहरू

वास्तविक समृद्धि उत्पादन वृद्धिबाट मात्र हासिल हुन्छ । यसका अतिरिक्त रोजगार गरिबी न्यूनीकरण, निर्यात व्यापार आम जनताको आयवृद्धिका लागि उद्योग र कृषि क्षेत्रमा सरकारले जोड दिनुपर्ने हो । उद्योग र कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणबिना नेपालले आर्थिक समृद्धि प्राप्त गर्न सक्दैन । अहिले उद्योग र कृषिको आन्तरिक उत्पादनलाई आयातले तीव्र रुपमा विस्थापित गरिरहेको अवस्था छ । उपयुक्त नीति तर्जुमा गरेर नयाँ कार्यक्रम र आयोजना ल्याएर अहिलेको स्थितिलाई प्रगतिउन्मुख पार्न सरकार पूर्णत विफल देखिएको छ । उद्योग क्षेत्रमा फड्को नमारी समृद्धि चुमिँदैन भन्ने कुरा युरोपेली देशहरुले पुष्टि गरिसकेका छन् । दोस्रो विश्वयुद्धमा ध्वस्त प्रायः भएका युरोपेली देशहरु औद्योगिकीकरणकै माध्यमबाट आजको समुन्नत र विकसित अवस्थामा आइपुगेका हुन् ।

विश्वमा धेरै देशहरु निर्यातमा आधारित आर्थिक वृद्धिको नीति अवलम्बन गरेर समृद्ध भएका छन् । आणविक बम हमलाको पीडा र आर्तनादबाट उठेर जापानले, युद्धको धुलो टकटक्याउँदै दक्षिण कोरियाले, देश नै बन्ने आधार नभएको सिंगापुरले, गरिबीले गाँजेको चीनले निर्यातमा आधारित आर्थिक वृद्धिको नीति लिएकै कारण समृद्धिको क्षितिज चुमेका छन् । मलेसियामा महाथिरले यही नीति अपनाए । एसियामा नेपालजस्तै कहिल्यै कसैको पराधीन नभएको थाइल्यान्डले पनि यो नीति बोकेर अगाडि बढ्दै समृद्धिको सपना साकार गर्‍यो । जलस्रोतबाट चट्टानको देश भनेर चिनिने भुटानले प्रगति गर्‍यो । लाओस पनि जलस्रोतबाटै माथि उठेको मुलुक हो । कुनै बेला नेपाल इथियोपिया बन्ने भयो भनेर चिन्ता गरिन्थ्यो तर अहिले इथियोपिया जस्तो नेपाल भए हुन्थ्यो भनेर कामना गर्नु परेको छ । इथियोपियाले ऊर्जाबाट सम्पन्नता प्राप्त गर्‍यो । जातीय हिंसाले तवाह भएको रुवान्डाले विकासको राजमार्ग समात्यो । चीन भारत र नेपालले लगभग सँगसँगै राजनीतिकम स्वतन्त्रता प्राप्त गरेका हुन् । चीन पृथ्वीकै अति महाशक्ति राष्ट्र बन्नेतर्फ वायुपंखी गतिमा दौडिरहेको छ भने भारतले तीव्र आर्थिक विकास गरेर विश्व शक्ति राष्ट्रको पंक्तिमा आफूलाई उभ्याएको छ । तर नेपाल भने संसारकै भ्रष्ट र कंगाल राष्ट्रहरुको टपटेन सूचीमा सूचिकृत छ ।

यतिखेर देशमा तीनवटै तहका सरकारले व्यापक मात्रामा कर बढाएर जनताको ढाड सेकेका छन् । संघ, प्रदेश र स्थानीय तहमा अस्वाभाविक रुपमा लगाइएको दोहोरो कर खारेज गर्न जनता माग गरिरहेका छन् । एउटै वस्तु तथा सेवामा कतिपय स्थानीय तह **बाँकी ८ पेजमा**

## प्रकाण्डको गिरफ्तारी राजनीतिक प्रतिशोध

काठमाडौं । नेकपा विप्लव समूहका प्रवक्ता खड्गबहादुर विश्वकर्मा 'प्रकाण्ड' लाई गृह प्रशासनले अकारण गिरफ्तार गरी हत्कडी लगाएपछि गृहमन्त्री रामबहादुर थापा 'बादल' सर्वत्र आलोचित भएका छन् । लोकतन्त्रमा सरकारको विरोध गर्न पाइने विश्वव्यापी मान्यता विपरीत प्रकाण्डको गिरफ्तारी निन्दनीय रहेको आम बुझाइ छ ।



प्रकाण्ड तिनै व्यक्ति हुन् जो सपरिवार प्रचण्ड नेतृत्वको जनयुद्धमा समर्पित थिए । द्वन्द्वका क्रममा उनका सहोदर दुई भाइले सहादत प्राप्त गरे । कर्णालीका अगुवा जनयोद्धा प्रकाण्डले आफ्नो सिंगो जीवन क्रान्तिमै अर्पण गरेका छन् । पार्टीमा गरेको देन र जनतामा पुर्‍याएको सेवाकै मापोमा उनी सभासद र मन्त्री समेत बनाइए । जब माओवादी पार्टी फुट्यो प्रकाण्ड मोहन-बादल समूहतिरै लागे । वैद्य बासँग केमा खटपट पर्‍यो कुन्नि बादल फेरि प्रचण्डसँग लहसिए । प्रकाण्डले पनि पनि वैद्यको चुलोचौका छोडे र विप्लवसँग ह्यान्डसेक गरे । उनी अहिले विप्लव समूहको प्रवक्ताको हैसियतमा छन् । **बाँकी ८ पेजमा**

## प्रेस स्वतन्त्रता कुण्ठित पार्ने षड्यन्त्र

काठमाडौं । जंगबहादुर राणाका पालादेखि जारी भएर विभिन्न समयमा संशोधन हुँदै आएको मुलुकी ऐनलाई प्रतिस्थापन गरी भाद्र १ गतेदेखि लागू गरिने मुलुकी फौजदारी संहिताले प्रेस स्वतन्त्रता कुण्ठित पार्ने भएकाले यसको सञ्चार क्षेत्रबाट विरोध भइरहेको छ । प्रेस स्वतन्त्रता लोकतन्त्रको सुन्दर पक्ष हो । प्रेस स्वतन्त्रताका लागि सञ्चार क्षेत्रले विगतमा गरेका र गर्दै आएका संघर्षका गाथाहरु स्वर्ण अक्षरले इतिहासमा लेखिइसकेका छन् । विभिन्न कालखण्डमा भएका संघर्षमा नेपाली प्रेस सधैंभरि निरंकुशताको विरोध गर्दै लोकतन्त्रको पक्षमा उभिँदै आएको छ । संघर्षका सहयात्री राजनीतिक दलहरु अहिले सत्तामा छन् र कानुन बनाउने विधायक पनि छन् । आफ्ना अलोकप्रिय कामकारबाहीको आलोचना खप्न नसक्नेहरुले अहिले प्रेस जगतमाथि कडा अंकुश लगाउने तानाबाना बुनेका छन् । आम सञ्चारका कुनै पनि माध्यमबाट प्रकाशित सामग्रीले कसैको गोपनीयता भंग गरेमा वा **बाँकी ८ पेजमा**

## कोसी ब्यारेजमा भारतीय सैन्य दस्ता ?

काठमाडौं । भारतले गम्भीर सुरक्षा चुनौती रहेको भन्दै कोशी ब्यारेजमा आफ्नो सैन्यदस्ता राख्न नेपाल सरकारलाई दबाब दिइरहेको छ । अन्तर्राष्ट्रिय आतंकवादी संगठन आइएसआइएस, लस्करे तयबा, जायसे मुहम्मद तथा इन्डियन मुजाहिद्दिन कोसी ब्यारेजलाई लक्षित गरी ठूलो कारबाही योजना बनाएको दाबीसहित भारतले ब्यारेजको सुरक्षा व्यवस्था आफूलाई सुम्पन भनिरहेको छ । कोसी ब्यारेजको सुरक्षा अहिले नेपालले गरिरहेको छ । सशस्त्र प्रहरीले ब्यारेज र त्यस वरिपरिका गाउँ र बस्तीको समेत निगरानी र सूचना संकलनको कार्य गरिरहेको छ ।

सप्तरी र सुनसरीको सिमानामा रहेको सप्तकोसी ब्यारेजको सुरक्षार्थ भारत आफ्नो केन्द्रीय औद्योगिक सुरक्षा बल त्यहाँ तैनाथ गर्न चाहिरहेको छ । भारतले सन् १९६९ मा सो बलको स्थापना गरेको हो । एक लाख बढी जनशक्ति रहेको सो बलले भारतको परमाणु केन्द्र, विमानस्थल, बन्दरगाह, विद्युत संयन्त्र, महत्वपूर्ण सरकारी भवन तथा स्मारक लगायतको सुरक्षा व्यवस्था गर्दै आएको छ । यसले आन्तरिक रुपमा गुप्तचरी समेत गर्ने गर्छ ।



भारतीय अर्ध सैनिक बल सिआईएसएफको एक उच्चस्तरीय टोलीले कोसी ब्यारेजको निरीक्षण गरी फर्किएको छ । निरीक्षण अनुमति नै नलिई कोसी ब्यारेज निरीक्षण गर्नुले भारतले नेपालप्रति हेपाहा नीति लिएको प्रस्ट हुन्छ । सप्तकोसी ब्यारेजको संरचना जर्जर भएको, पुलको अवस्था अत्यन्त दयनीय रहेको, नेपालतर्फको कोसी पश्चिमी तटबन्धमा जोखिम बढ्दै गएको, नेपालका सप्तरी, सुनसरी र उदयपुरका हजारौं पीडितले अझै पनि कोसी सम्झौताअनुसार राहत नपाएको, भारतीय पक्षले नेपालतर्फको कोसी प्रभावित क्षेत्रलाई दिनुपर्ने बिजुली, शिक्षा तथा स्वास्थ्य सेवा अझै उपलब्ध नगराएको जस्ता विषय नेपालतर्फबाट उठाइरहेका बेला भारतले पुनः सुरक्षाको मुद्दा उठाइरहेको छ ।

नेपाल र भारतबीच सन् १९५० मा कोसी सम्झौता भएको थियो । तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले सप्तकोसीमा भारतलाई ब्यारेज बनाउने अनुमति दिएका थिए । कोसी नदीलाई विहारको दुःख समेत भनिन्थ्यो । कोसी सम्झौता अनुसार भारतीय पक्षद्वारा निर्मित सप्तकोसी **बाँकी ८ पेजमा**

**समय-सन्दर्भ**

## बढ्दो महिला हिंसा र कडा कानुनको माग

**किरण थापा**

भारतीय जनताघ पार्टीका विधायक कुलदिप सेगर एक १६ वर्षीया बालिका बलात्कारको आरोपमा छानबिनको दायराभित्र परे । सत्तारुढ पार्टीका सांसद भएका कारण उनीमाथि कारबाहीको सट्टा पीडित बालिकाका बाबुको नै प्रहरीका कुटाइबाट हिर ासतमै मृत्यु भयो । भारत प्रशासित कस्मिरमा आठ वर्षीया बालिकामाथि बलात्कारपछि भएको हत्याको घटनाले सिंगो भारतलाई झस्कायो । यी घटना उदाहरण मात्रै हुन् । भारतमा बलात्कारका घटनाहरु वृद्धि भइरहेका छन् । सन् २०१७ मा मात्रै कम्तीमा ४० हजार बलात्कारका घटना प्रहरीमा दर्ता भएका छन् । यौन हिंसाको यो आतेसलाग्दो अवस्था हो । भारतको राष्ट्रिय अपराधको रेकर्ड ब्युरो (एनसीआरबी) को तथ्यांकअनुसार मध्य प्रदेशमा सबभन्दा बढी यौन उत्पीडनका मुद्दा दर्ता भएका छन् । दोस्रो नम्बरमा उत्तर प्रदेश रहेको छ जहाँ ४ हजार ५ सयभन्दा बढी बलात्कारका घटना दर्ता भएका छन् ।



उत्तर प्रदेशमा आरोपी १२ देखि १६ वर्ष उमेरका धेरै छन् । सामूहिक बलात्कारका घटना उत्तर प्रदेशमा सबभन्दा बढी भएका छन् । राजस्थान सामूहिक बलात्कार बढी हुने दोस्रो भारतीय राज्य हो । उत्तर प्रदेशमा गम्भीर आपराधिक मामलामा संलग्न रहेको भन्दै ८३ जना भारतीय जनता पार्टीका विधायक विरुद्ध मुद्दा दर्ता भएका छन् । चुनावबारे आँकलन गर्दै आएको संस्था एसोसिएसन फर डेमोक्रेटिक रिफर्म्सका अनुसार उत्तर प्रदेशमा योगी आदित्यनाथको मन्त्रिपरिषद्का ४५ प्रतिशत मन्त्रीमाथि आपराधिक मुद्दा दर्ता छन् । उत्तर प्रदेशमा भाजपाका ३१२ विधायकमध्ये ३७ प्रतिशत विधायक विरुद्ध आपराधिक मामलामा मुता दर्ता छन् ।

यौन हिंसा कुनै उमेर समूहसँग सम्बन्धित छ भन्न सकिँदैन । विश्वभर नै हुने यौन हिंसाका घटनामा सबै उमेर समूहका महिला पुरुष प्रभावित हुने गरेका छन् । भारतीय नेसनल क्राइम रेकर्डस **बाँकी ८ पेजमा**

## चिकित्सकहरूलाई यस्तो कानुन

काठमाडौं । आजदेखि लागू हुने नयाँ मुलुकी अपराधसंहिता २०७४ मा चिकित्सकका हकमा तर्जुमा गरिएको कानुनी प्रावधानबाट देशभरका चिकित्सकहरु असन्तुष्ट छन् । चिकित्सकले बिरामीमाथि हेलचेक्र्याइँ गरे तीन वर्ष, लापर्बाही गरे पाँच वर्ष र बदनियत राखी उपचार गर्दा बिरामीको ज्यान गए आजीवन जेल सजाय हुने प्रावधान नयाँ मुलुकी अपराध संहितामा छ । यो प्रावधान विरुद्ध मुलुकभरका चिकित्सहरु आक्रोशित मात्र छैनन्, उनीहरुले आन्दोलनको चेतावनी समेत दिएका छन् ।

नेपाल चिकित्सक संघले कानुनको उक्त प्रावधानको संशोधनन नगरिए आजैदेखि लाइसेन्स र एप्रोन मेडिकल काउन्सिललाई बुझाएर काम ठप्प पार्ने चेतावनी दिएको छ । सो ऐनले आफूहरुलाई अपराधी जस्तो व्यवहार गरेको चिकित्सक **बाँकी ८ पेजमा**

## चौध मजदुर संगठन आन्दोलनमा

काठमाडौं । सरकारले घोषणा गरेको १३४५०।- न्यूनतम पारिश्रमिकले मजदुरका साधारण आवश्यकताहरु पनि पूरा नगर्ने र बढ्दो महँगीका कारण पारिवारिक खर्चमा भएको कयौं गुणा महँगीको मार मजदुरको पारिश्रमिकले नधान्ने भएकाले न्यूनतम पारिश्रमिक वृद्धिको मागसहित चौध मजदुर संगठनहरु संयुक्त आन्दोलनमा उत्रिएका छन् । नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी निकट ट्रेड युनियनहरुको मिलेमतोमा सरकारले चालेको मजदुर विरोधी कदमको मजदुर संगठनहरुले विरोध गरेका छन् । यसै सन्दर्भलाई लिएर मजदुर संगठनहरुले माइतीघर मण्डलामा आफ्ना मागहरु पूरा गराउने दबाब दिन बुधबार प्रदर्शन गरेका छन् । आन्दोलनरत मजदुर संगठनका पक्षबाट अघि साारिएका मागहरु यस प्रकार रहेका छन् :

श्रम ऐनलगायत श्रमिक सम्बन्धी कानुनहरुमाा देशको संविधान र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरुकोम मर्म र भावनाविपरीत राखिएको **बाँकी ८ पेजमा**

## खस्कियो भारतीय रूपैयाँ

काठमाडौं । अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँको मूल्य खस्किएको छ । मंगलबार एक अमेरिकी डलर भारु ७० मा किनबेच भएको छ । यो अहिलेसम्मकै उच्च मूल्य हो । टर्कीको वित्तीय संकटको प्रभावले लगानीकर्ताहरु त्रास बढेर यस्तो भएको बताइन्छ । टर्कीको मुद्रा लीराको मूल्यमा भारी गिरावट आएसँगै उदीयमान अर्थतन्त्र भएका मुलुकमा त्यसको नकारात्मक प्रभाव देखिएको छ ।

गत हप्तादेखि नै टर्कीको झैं दक्षिण अफ्रिका, अर्जेन्टिना, मेक्सिको, ब्राजिल र रसियाको मुद्रा कमजोर हुँदै गएको छ । यी मुलुक डलरमा निर्भर रहेका छन् ।

भारतीय रुपैंयाको परिवर्त्य दर अमेरिकी डलरको तुलनामा **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली
सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

# युवाका समस्यामा ध्यान देऊ

युवा शक्तिलाई परिवर्तनका बाहक मानिन्छ । जुन देशमा युवा समूहको जनसंख्या बढी हुन्छ, त्यो देशलाई प्रगति पथमा लम्कन सहज हुन्छ । हाम्रो देशमा १६ वर्षदेखि ४० वर्षबीचको युवा जनशक्ति संख्या १ करोड ७ लाख रहेको छ । तर हाम्रो युवा शक्तिको रगत, पसिना स्वदेशभन्दा परदेश सिंगार्ने काममा खर्च भइरहेको छ । विकासमा वामे सर्ने प्रयास गरिरहेको हाम्रोजस्तो मुलुकलाई युवा जनशक्तिको श्रम, सीप, लगानीको खाँचो छ । तर देशको जिम्मा लिनेहरूले उपयुक्त नीति कार्यक्रम ल्याउन नसकेका कारण दिनहुँ युवाशक्ति पलायन भइरहेको छ ।

नेपालले सदाझैं यस वर्ष पनि विभिन्न कार्यक्रमहरू गरी युवा दिवस मनाएको छ । संयुक्त राष्ट्र संघको आह्वानमा सन् २००० देखि हरेक वर्षको अगस्ट १२ लाई युवा दिवसका रूपमा मनाउने गरिएको छ । अन्तर्राष्ट्रिय रूपमा १९ औं युवा दिवस मनाइयो भने हाम्रो देशमा २००४ देखि मात्र मनाउन थालिएको हो । पन्ध्र पल्ट युवा दिवस मनाइसक्दा वाग्मतीबाट पानी धेरै बगिसक्यो तर युवा जनशक्तिको उचित सदुपयोग गर्नेबारे सरकारले सोच्न सकेको छैन ।

संयुक्त राष्ट्र संघले गत वर्ष 'युथ बिल्डिङ पीस' को नारा तय गरेको थियो भने नेपालमा 'शान्ति र समृद्धिमा युवा' भनेर युवा दिवस मनाइयो । यो वर्ष युवा दिवसको नारा सेफ स्पेस फर युथ अर्थात् युवाहरूका लागि सुरक्षित स्थान भन्ने रहेको थियो । नेपालमा युवाहरूका लागि सुरक्षित स्थान भन्ने नाराका साथ युवा दिवस मनाइरहँदा दैनिक हजारौं युवा कामको खोजीमा देश छोडिरहेका छन् । बढ्दो युवा बेरोजगारीका कारण ५ लाख ३८ हजार युवा बर्सेनि वैदेशिक रोजगारीमा जाने गरेका छन् । खुला बोर्डरको सदुपयोग गरी बिना तथ्यांक भारतमा सिजनेबल श्रम गर्न जाने युवाको संख्या पनि त्यत्तिकै ठूलो छ ।

राष्ट्रिय युवा नीति २०७२ ले परिभाषित गरेको १६ वर्षदेखि ४० वर्षबीचको युवा जनसंख्या ४० दशमलब ३५ प्रतिशत रहेको छ । उक्त संख्यामध्ये १९.२ प्रतिशत जति युवा पूर्ण बेरोजगार छन् । स्नातक तहको अध्ययन पूरा गरेका युवा समेत २६.१ प्रतिशत बेरोजगार रहेको तथ्यांकले शैक्षिक बेरोजगारको संख्या पनि कहालिलाग्दो रहेको छ । मुलुकभित्र रोजगारीका अवसर नभएर पछि खाडी राष्ट्र मलेसिया, दक्षिण कोरिया, इजरायल लगायत विश्वका विभिन्न मुलुकमा हाम्रो युवा शक्ति थ्रि डिको काम (डिफिकल्ट, डेन्जर, डर्टी) मा पसिना बगाइरहेको छ । यसरी विदेशमा श्रम गर्ने युवा मुलुकको अर्थतन्त्रका मेरूदण्ड सावित भएका छन् । युवाहरूले विदेशदेखि पठाएको रेमिट्यान्सले अर्थतन्त्रमा २९ प्रतिशतको योगदान पुर्‍याइरहेको छ ।

वैदेशिक रोजगारीमा भविष्य देखेर विदेश पुगेका युवाहरू विभिन्न कारणले विदेशी भूमिमा ज्यान गुमाउन समेत बाध्य छन् । दुर्घटना, रोग र आत्महत्या जस्ता कारणले ज्यान गुमाएका युवाका तीनदेखि चारवटा लास दिनहुँ बाकसमा प्याक भएर एयरपोर्टमा आउने गरेका छन् । यो अत्यन्तै दुःखलाग्दो अवस्था हो । वैदेशिक रोजगारीको कारण युवाहरूले आफ्नो खेल्ने, खाने, प्रेम गर्ने सुन्दर जवानी विदेशमै समर्पण गरेका छन् । 'चालीस कटेपछि रमाउँला' भन्ने गीत परदेशिएका युवामाझ चर्चित छ । युवा अवस्था पार गरेपछि रमाउने आशा बोकेका युवाहरूलाई आफ्नै मुलुकभित्र युवा अवस्थामै रमाउने अवसरर प्रदान गर्नेतर्फ राज्य जिम्मेवार बन्नुपर्छ ।

बेरोजगारी समस्याकै कारण मुलुकभित्र रहेका युवा शक्तिहरू समेत विभिन्न खाले सामाजिक अपराधमा लाग्ने, लागू पदार्थको दुर्व्यसनमा फस्ने जस्ता समस्यामा परिरहेका छन् । युवालाई रोजगार बनाउन सरकारले स्वरोजगार कार्यक्रमहरू ल्याए पनि त्यस्ता कार्यक्रमको पैसा केही राजनीतिक दल निकटका युवाहरूले मात्र हत्याउने गरेका छन् । आम युवालाई बिना भेदभाव राज्यले समान अवसर उपलब्ध गराउनुपर्छ । बेरोजगारी भत्ता जस्ता कुरा गरेर राज्यले युवालाई कामै नगरी आर्थिक सहायता वितरण गर्नुभन्दा काममा लगाउने वातावरण बनाउनु आवश्यक छ । विकास निर्माणका काममा जनशक्ति अभाव भइरहेको अवस्थामा बेरोजगार युवालाई अवसर दिने वातावरण राज्यले बनाउनुपर्छ । त्यसैगरी बन्द उद्योग सञ्चालन गर्ने, नयाँ उद्योगधन्दा स्थापना गर्नेतर्फ राज्यको ध्यान जानुपर्छ । स्वरोजगार कार्यक्रम नारा मात्र नबनाएर व्यवहारमा उतार्न राज्यले सबै लाभान्वित हुने गरी उचित नीति बनाउन आवश्यक छ ।

# प्राचीन रेशम मार्ग यसरी ब्युँतिंदै छ

**सुरेन्द्र ढकाल**
**पोलिटब्युरो सदस्य**
**(नेकपा माले)**



प्राचीन रेशम मार्ग पूर्व र पश्चिमलाई जोडने ब्यापारिक तथा सांस्कृतिक मार्ग थियो । रेशम मार्गभित्र सतही र सामुद्रिक बाटोहरु गरी एसिया, मध्यपूर्व र युरोपेली देशहरु पर्न आउँथे । रेशममार्गको सोच चिनियाहरुको थियो । त्यतिखेर चीनमा घोडा नै नहुने र भए पनि सेलेनियमको अभाव लुरे लाम्रे घोडामात्रै भई गह्रौ बोझ बोक्न सक्ने घोडाको अभाव भएको कारण उनीहरुलाई उन्नत जातका बलिया घोडाहरुको आवश्यकता परेको थियो । यस्ता घोडाहरु युरेसियाका सिओंगनु घुमन्ते जातीहरुले विकास गरेका थिए र उनीहरु कृषि उपज र अनाज पाएमा त्यस्ता वस्तुसँग घोडा साँट्थे । चीनको ग्रेटवालको निर्माणका बेला यस्ता घुमन्तेहरु आफ्नो घोडा दिई अनाज लिन चीनमै पुगेका थिए । विशाल पर्खालको निर्माणको सुरक्षामा खटिएका चिनिया सिपाहीहरुलाई त्यतिखेर तलब पैसामा नभई रेशममा दिइन्थ्यो अनि यी सिपाहीहरुले आफूसँग भएको रेशम दिई ती घुमन्तेहरुसँग घोडा किन्न सुरु गरे । यसरी विस्तारै रेशमको ब्यापार फस्टायो र यस ब्यापारिक मार्गको नाम पनि रेशम मार्ग बन्न पुग्यो । इशापूर्व २५० मा सिकन्दर महानले गरेको केन्द्रीय एसियासम्मको ग्रीस साम्राज्यको विस्तारले पनि रेशममार्गको विकासलाई ठूलो मद्दत पुऱ्याएको थियो । उनीहरुले त्यहाँ वर्तमान अफगानिस्तान, ताजिकिस्तान र पाकिस्तानलाई मिलाएर ग्रेको बाक्ट्रियन अधिराज्य स्थापना गरेका थिए भने पछि इशापूर्व १८० मा भारतलाइ समेत मिलाएर इण्डो ग्रिक अधिराज्यका स्थापना गरेका थिए । उता इशापूर्व २०७ देखि नै चीनको हान वंशले आफ्नो देशमा उत्पादन गरेको धेरै नाफा हुन रेशमको निर्यातलाई विदेशमा सुरक्षितपूर्वक निर्यात गर्ने क्रममा केन्द्रीय एसियाली देशहरुसम्म यो ब्यापारिक रेशममार्ग तन्काएको थियो । यस मार्गमा चिनियाँ नियन्त्रण सुरुदेखि नै स्थापित हुन पुगी अन्तरमहाद्विपीय मार्ग नै हुन पुग्यो । भारत र नेपालबाट चीनमा बौद्धधर्मको प्रचार हुनुमा पनि यस मार्गको महत्वपूर्ण भूमिका रह्यो । पछि प्लेग जस्तो महामारी संसारभर फैलनुमा यही मार्ग कुनै बेला कारकतत्व बन्न पुगेको थियो ।

विशेष गरी प्राचीन कालमा यो मार्ग प्रयोग गरी रेशमलगायत अन्य पुरातात्विक वस्तुहरुको व्यवसाय गर्ने व्यापारीहरुमा बाक्ट्रिआन्स, सोग्डिआन्स, सिरियन, यहुदी, अरबी, इरानी, चाइनिज, टुर्कमिनी, मलाया, इण्डियन, सोमाली, ग्रिक, रोमन र जर्जिअनहरु थिए ।

प्राचीन इजिप्ट जसलाई मिश्र भनिन्थ्यो, त्यहाँ इशापूर्व १०७० तिरै चिनियाँ रेशम भेटिएको थियो । यसले पनि चीनबाट, केन्द्रीय एसियाली देशहरु र मध्यपूर्वसम्मै पुऱ्याउने रेशम मार्ग प्राचीन युगमै प्रभावपूर्ण रुपमा चालु रहेको देखिन्छ । त्यसै गरी जर्मनीको स्टुटगार्टमा उत्खनन गरिएको इशापूर्व ६ को एक चिहानमा ग्रीसमा बनेको ढलोटको मूर्ति र चीनको रेशम भेटिनुले रेशम मार्ग मध्यपूर्वसम्म मात्रै नभई युरोप नै पुगेको देखिन्छ । हंगेरीको समतल भूमिमा विकास भएको सिथिएन (Scythian) संस्कृति कार्पाथिएन पहाडीश्रृंखला हुँदै चीनको कान्सुसम्म पुगेको पाइएको र यस्ले मध्यपूर्व, उत्तरी भारत र पंन्जावसमेतलाई जोडेको आधारमा रेशममार्गको विकासमा यस संस्कृतिको प्रसारले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।




१० औं शताब्दिमा अर्का घुमन्ते जाती सोग्डियानहरुले यही रेशममार्गलाई प्रयोग गरी चीन र केन्द्रीय एसियाका देशहरु बीचको ब्यापारको ठूलो विकास गरेको देखिन्छ । उनीहरुको साम्राज्य विस्तारले पूर्वतर्फ निरन्तरता पाउँदै जाँदा उनीहरु चाइनिज तुर्केस्तानमा रहेको काशगारसम्म पुगेका थिए र यो नै चीनको पश्चिमी देशसँगको पहिलो प्रमाणिक सम्पर्क थियो । रेशम मार्ग केन्द्रीय एसियाली देशहरु र मध्यपूर्वसम्म तन्काउने कार्य चीनको हान बंशको दुत चांग छिआनको नेतृत्वमा इशापुर्व १३० तिर भएको थियो । उनले तारिम वेशिन र हेक्सी कोरिडर हुँदै मुख्य चीनको भूभागसम्म रेशम मार्गलाई जोडेपछि रेशम मार्ग हुँदै हुने ब्यापार धेरै मौलाएको थियो । यही रेशममार्गकै कारण चिनिया, कोरियाली र जापानी सभ्यताको विकास भएको थियो । पछि गएर यसै मार्गको कारण भारतीय उपमहाद्विप, पर्सिया (इरान), मध्यपूर्व, युरोपेली तथा अफ्रिकी देशहरुसम्म चीनको राजनीतिक, आर्थिक सांस्कृतिक सम्बन्धको ढोका खुलेको थियो । ती देशहरुमा चीनको कुटनीतिक दुतहरु आवतजावत गरिरहन्थे ।

पछि जर्मन ब्यापारी फर्डिनाण्ड फोन रिख्टहोफनले यही स्थलमार्गको प्रयोग गरी सन् १८६८ देखि १८७२ सम्म ७ पटक आफ्नो ब्यापारिक टोलीलाई चीन लगेका थिए । उनैले नै रेशम मार्गलाई जर्मन भाषामा जाइडन स्ट्रास्से (Seiden Strasse) भनेर नामाकरण गरेका थिए ।

रेशम जलमार्ग पनि चिनियाहरुले आफ्नै नेतृत्वमा हालको भियतनाम नजिकैको जिआओ चि बन्दरगाहबाट सुरु गरी भारत, श्रीलंकाको बन्दरगाह हुँदै रोमनहरुको अधिनस्थ इजिप्टको बन्दरगाह हुँदै रेड सिको उत्तरपूर्वी किनारसम्म पुऱ्याएका थिए । त्यसबेलामा चीनको ब्यापार रोमसम्म पुगेको प्रमाण ग्वान्चो र अन्य ठाउँमा रहेको पहिलो शताब्दितिरको हानवंशका सम्राटहरुको चिहान उत्खनन गर्दा रोममा बनेका सिसाका वस्तुहरु फेला पर्नुले पनि प्रमाणित गर्दछ । यही जल रशेममार्ग प्रयोग गरी सन् १६६ मा नै रोमन कुटनीतिज्ञहरु चीन पुगेको हान वंशावलीमा उल्लेख हुनुले चीनको युरोपसँग ब्यापारिक सम्बन्ध पनि प्राचीन रहेको पुष्टि हुन्छ । रेशममार्गबाट गरिने यस्ता ब्यापारिक सम्बन्धहरुले रोमन, कुशान, विजाइन्टाइन साम्राज्यको दबदबा हुँदा पनि कायमै रहेको थियो ।

मंगोलवंश कायम रहुञ्जेल रेशम मार्गमा चीनको आधिपत्य कायम थियो तर यो वंशको क्रमशः पतनसँगै रेशम मार्ग पनि विखण्डित हुन पुगेको थियो । पछि सन् १७२० मा अटोमोन साम्राज्यको सुदृढीकरणको साथसाथै पुनः रेशम मार्ग चालु हुन पुगेको थियो भने साफाभिड साम्राज्यको पतनसँगै रेशम मार्ग पुनः बन्द भयो ।


**नयाँ रेशम मार्ग**

सन १९९० मा चीन, कजाकस्तान, मंगोलिया र रसिया जोडने दुइवटा रेल यातायात चालु भएपछि नयाँ रेशममार्ग चर्चामा आयो । अक्टोवर २००८ मा चीनको सिआंगतानबाट पहिलो ब्यापारिक रेल जर्मनीको हामवर्ग पुगेपछि नयाँ रेशममार्गले अझ बढी चर्चा पायो । सन् २०११ को जुलाईबाट त मालवाहक रेलहरु चीनको चोङछिङबाट जर्मनीको डुइसवर्ग पुग्दा ३६ दिन लाग्ने भ्रमण अवधि छोटिएर १३ दिनमा सीमित हुन पुग्यो र यसले रेशम मार्गको सार्थकता पुष्टि गऱ्यो ।

सन् २०१३ मा यही मार्ग हलेट पाकार्डको ल्यापटप लिएर चीनबाट हिँडेको रेल लण्डन, मेड्रिड र मिलान पुगेपछि आधुनिक रेशम मार्गको महत्व र सार्थकता दुवैमा वृद्धि हुन पुग्यो । यही मौका छोपेर सेप्टेम्बर २०१३ मा चीनका राष्ट्रपति सि जिन पिङले आफ्नो काजाकस्तान भ्रमणको ताका चीनलाई युरोप जोड्ने स्थायी रेलमार्गको योजना पेस गरे जस्लाई वन वेल्ट वन रोड (OBOR) भनियो ।

यस ओवोर परियोजनाले स्थल र जल दुवै रेशम मार्गलाई समेटेको छ । यो मार्ग चीनको उरुम्छीबाट शुरु भई दोस्तोक, आस्ताना, गोमेल, ब्रेष्ट हुँदै पोलेण्डको शहर मालास्चेभिच्ज पुग्छ र त्यहाँबाट पुरै युरोप जोडिन्छ भने समानान्तर मार्ग हुँदै अर्को रेल चीनको चिज्याङबाट सन् २०१६ फेब्रुअरीमा छुटी रेल तेहरान पुग्यो अनि त्यहाँबाट टर्कीको इस्तानबुल हुँदै पुरै युरोप जोड्ने योजना (OBOR) छ । One Belt One Road (OBOR) लाई आजकाल Belt Road Initiative (BRI) पनि भनिन्छ ।

# नेपालीको जीवन पद्धति धर्म, मेलमिलाप र वीरता



**जगदीश लामिछाने**
रौतहट, पौराई

१. उहिलेदेखि अहिलेसम्म जीवनमूलक रहेछ यो बौद्धिक ऋचाहरुको उद्‌गमस्थल हिमवतखण्ड । त्यस्तै जीवनमूलक भएछन् राजा मानदेव । त्यसपछि एकैचोटि श्री ५ पृथ्वीनारायण तथा उनका कान्छा छोरा राजकुमार बहादुर शाह पनि जीवनमूलक भएछन् । यी तीन तत्व पहिला बौद्धिक ऋचामा मन्त्रद्रष्टा ऋषिहरु धेरैजसो अझै छन् । ती ऋषिहरु अहिले बौद्ध जैन शिख आर्य भएर धर्मको रुपमा आए पनि शान्त छन् । सुस्थिर छन् । अरुले आक्रमण गर्दा पनि बुद्धिले काम लिन्छन् । सबैजसो व्यावहारिक हुन खोज्छन् । हो ज्ञानका अनन्त भण्डारभन्दा कर्ममा मात्र अलमलिनु जीवनयापनको कारणले पारेर होला । अरुले हेपिएका देखिन्छन् तर आफू हेपिएको सम्झँदैनन् । यसैले सरल भएका छन् । अन्तर्राष्ट्रिय संस्कृति आर्थिक अवस्था तथा सञ्चार युगले छपक्कै भए पनि परिवारहरु विखण्डित भएर साना भए पनि शान्त छन् । मुसाइ त होइन इसाइले छोपिएका हुन् कि जस्ता छन् तर छोपिएका छैनन् । उनको रक्षा गर्न वृद्धाश्रमहरु खुलाउँदै जाने हो कि ? तर खुलेकै पनि छन् । एक्ला हुँदै गएका छन् । हडबढाएका छैनन् । आर्यधर्ममा पारोहाङमा अर्थात् किराँतेश्वर मगरहरुमा तराईतिरका थारु नेवारहरुमा तल्ला जात भनिएका देवालयका पुजारीहरु नै छन् । एक्ला पर्दै गए भनेर हो कि एउटै राजनीतिक दल राप्रपाले धर्म समातेको छ । १।२ दल दोधारमै हराउँदै गएका छन् । यी सबैको रक्षा गर्नैपर्छ किनभने ती धेरैजसो बौद्ध र अहिले हेपिएका खस आर्यमा छन् । अनौठो त जसका सम्पत्ति र दुःखले पढियो र धन कमाइयो तिनै ठूला धनी जागिरेले आफ्नै रक्षकलाई युवकले हेला गर्न लागेका छन् । यहाँ अर्को कारण के छ भने धेरै वर्ष मुसाइ र केही सय वर्ष इकाइ अंग्रेज शासनमा जैन र शिखको ठूलो संख्या अहिले भारत भएको छ । उसैले टिस्टा काँगडाको ठूलो भाग खाएर ७० वर्षभन्दा बढी दुःख दिएको छ । यहाँ नै बंगाल शिख मिलाइएको छ ।

२. दोस्रो जीवनमूलक राजा मानदेवको सिद्धान्त लिच्छवि शासन छँदैमा सातौं शताब्दीतिर खस्कँदै गयो । नुवाकोटे खस ठकुरी काठमाडौंमा मल्ल राजा भए । जयस्थिति मल्ल नै बाहिरबाट आएका हुन् । पूर्व पश्चिम सबैतिर बाइसे चौबिसे १२ ठकुराई आदि अनधिकार सत्ता बाड्ने चलनले दुःख पाउँदा पाउँदै श्री ५ पृथ्वीनारायण तथा यिनका कान्छा छोरा बहादुर शाह अघि सरेर सुधार गरेका हुन् । भाषातर्फ नेवारीमा वा चौथो शताब्दी र नेपाली भाषा पाँचौं शताब्दीको भनेका छन् । गोपाली, राजभण्डारी राजोपाध्याय तथा थापा आदि खस पनि नेवारी भाषा बोलेर मेल गर्दा पनि सत्ता बेइमानीले सकेनन् र पृथ्वीले एकता सांस्कृतिक समेत गरेकै हुन् । दुल्लुको शिलापत्र तथा कुमाउ बालेश्वरको प्रमाणले पनि जुम्ला विशाल खारी प्रदेश अर्थात् दक्षिणी तिब्बतसम्मै थियो भन्ने प्रस्ट नै छ । त्यही जीवनमूलक एकता अहिले पनि पृथ्वीनारायणलाई मान्नुपर्छ । जहाँनिया शासनलाई मानियो भने १८१४-१६ अंग्रेज-नेपाल युद्धझैं दुःख भोग्नुपर्छ । त्यो कुराको सुरुवात राजा रणबहादुर भारत बसेर आएपछि भीमसेन थापासमेतलाई प्रधानमन्त्री कालु पाण्डे भद्रकालीमा मारेर सुरु गरेका हुन् । बहादुर शाहलाई थुनामै मारेर सुरु गरेका हुन् । यस्तो पद्धति जीवनमूलक होइन । मेलक तत्व मात्र जीवनमूलक हो ।

३. १९४७ इ.सं.मा भारत पाकिस्तान खडा गरी अंग्रेज आफ्नै घर गए । नेपालमा त १८१४-१६ मा हमला गरी उसैबखत गोरक्षा अर्थात् तेज रक्षालाई गोरखा फौज नामकरण गरी मागेकै हो । पहिलो र दोस्रो विश्वयुद्धमा पनि लिए । यी गोर्खाली लोकप्रिय किन भए ? किन यिनले अंग्रेज चिनिया आदिसँग बहादुरीसाथ लडे ? किन यिनले नालापानीको लडाइँमा बहादुर देखाइ अंग्रेजले प्रशंसामा त्यहाँ शिलापत्रमै राखेको छ ? किन जंगबहादुरलाई सिपाईं विद्रोह दबाई नयाँ मुलुक फिर्ता दिए ? यत्ति मात्र होइन बंगाल पञ्जाव भारतमा मिसियो । तिमी पनि आउ भनी नेहरुदेखि मनमोहनसहितले भन्दा किन गएनन् ? यी सबैको एउटै जवाफ छ- नेपाल अर्थात् हिमवतखण्ड र भारत फरक छ । भारत मुसलमान तथा अंग्रेज शासनमा मिसियो, नेपाल मिसिएन । त्यसो गर्न नेहरुदेखि मोदीसम्मै कोसिसमै छन् । नेपाल कहिल्यै त्यसो गर्दैन । गोरखा पनि हाम्रै हिमवतखण्डकै सृष्टि हो । प्रेरणा हो । यहाँका जनतालाई कृपा हो । यो पनि हाम्रो अमूल्य निधि गुण हो । नेपालीहरुको जीवनमूलक नै हो । यसैले ११० वर्षभन्दा बढी समयदेखि नेपालीहरुले गोरक्षा आफ्नै जग्गा मागेकै छन् । त्यो टिस्टा काँगडा नै माग्नु पर्थ्यो अंग्रेजसँग र वर्तमानमा पनि हैन र ? गोर्खाल्यान्ड उनीहरुकै हो ।

# मैले देखेको उनन्साठीऔं विश्व सम्पदा :

# कोपनहेगेनको अमालिएनवोर्ग दरबार

सुरेन्द्र ढकाल



चार दरबारमध्येको पहिलो मोल्ट्के दरबार



चार दरबारमध्येको चौथौं स्येक दरबार



चार दरबारमध्ये दोस्रो लेभेट्ज्जी दरबार



चार दरबारमध्येको तेस्रो ब्लकडोर्फ दरबार




दरबारभित्रको बगैंचा



माथिबाट हेर्दा चार दरबार यस्तो देखिन्छ



दरबारको विशाल चोकको बीचमा रहेको राजा फ्रेडरिकको घोडचढी मूर्ति



सोफिआमिलियनबोर्ग दरबार जल्दाको अवस्था

कोपेनहगेनको समुद्रीतट लान्गेलिनीमा रहेको धातुको सामुद्रिक कन्या हेरिसक्दा दिनको १२ बजिसकेको थियो । युरोपका विभिन्न सहरहरू जहाँ गए पनि उस्तै लाग्ने कारण कोपनहगेन सहर हेर्नै भनेर त्यहाँ बस्ने मेरो उद्देश्य रहेन । सहरको केन्द्रको एक फन्को लगाएपछि बेलुकी पानीजहाज चढेर स्वेडेनतर्फ लाग्ने विचार गरी बाँकी समय डेनिस राजदरबार अमालिएनवोर्ग हेरौंन त भनेर म त्यतातिर हानिए । रोकोको वास्तुशैलीमा बनेको उस्तै देखिने चारवटा दरबारहरू त्यहाँ रहेछन् । त्यसको बीचमा आठ कुने विशाल चोक रहेछ र त्यसको पनि बीचमा डेनमार्कका राजा फ्रेडरिक पाँचौंको घोडा चढेको मूर्ति रहेछ । यी दरबारहरू बनाउँदा राजपरिवारका लागि बनाएको नभई दरबारका सामन्त र भारदारहरूका लागि बनाएको भए तापनि सन् १७९४ को आगलागीमा परी तत्कालिन क्रिश्चियान वर्ग राजदरबार ध्वस्त भएको कारण राजपरिवार यस दरबारमा सरेका रहेछन् ।

अमालियनवोर्ग दरबार कोपेनहगेनको मुटु फ्रेडरिक स्टाडनमा ठडिएका रहेछन् । चार दरबारमध्ये पहिलो दरबार राजा फ्रेडरिक तेस्रोकी रानी सोफी अमेलीले बनाएको हुँदा यो दरबारको नाम पनि सोफी अमालियनवोर्ग राखिएको रहेछ । दरबार क्षेत्रमा एक बगैंचा पनि रहेछ । त्यो बगैंचा पहिले स्वेडिस हमलाबाट सन् १६५९ मा ध्वस्त भएको रानी बगैंचा (क्वीन्स गार्डेन) जस्तै गरी बनाइएको रहेछ । सन् १६६४ मा बगैंचा बनाइसकी सन् ११६९ देखि १६७३ को बीच दरबार बनाइ राजपरिवार त्यहाँ बस्न थालेका रहेछन् । सन् १६७० मा राजाको मृत्युपछि विधवा रानीले आफ्नो मृत्यु सन् १६८५ मा नहोउञ्जेलसम्म त्यही दरबारमा बसेकी रहिछन् । उनको मृत्युको चार वर्षपछि सन् १८८९, १५ अप्रिलका दिन रानी सोफीका छोरा राजा क्रिश्चियान पाँचौंले आफ्नो ४४औं जन्मदिवस त्यहाँ मनाएका रहेछन् र त्यस अवसरमा जर्मन टोलीलाई बोलाइ सांगीतिक नाट्य कार्यक्रम गरिएको रहेछ जस्का लागि अस्थायी नाचघरको समेत निर्माण गर्न लगाइएको रहेछ ।

सांगीतिक नाट्य कार्यक्रम ज्यादै सफल भई सबैले रूचाएको कारण १९ अप्रिलमा उक्त कार्यक्रम दोहोऱ्याइ देखाउने निधो गरी कार्यक्रम के सुरू भएको थियो, अकस्मात आगलागी भई नाचघरसहित पुरै दरबार जगसम्मै खरानी हुन पुगी १८० मानिसहरूले आफ्नो ज्यान गुमाएका रहेछन् । राजाले दरबार पुनः त्यही ठाउँमा बनाउने योजना बनाएका थिए किनकी त्यहाँ रहेको बगैंचा, चर्च र राजकीय घरकाज विभाग रहेका भवनहरूलाई आगलागिले छोएको थिएन । योजना मुताविक उनले स्वेडिस इञ्जिनियरलाई दरबारको डिजाइन तयार गर्न समेत लगाएका थिए तर डिजाइन धेरै महत्वाकांक्षी भएको कारण सो योजना खारेज गरी त्यहाँ भएका भवनहरू समेत भत्काइएका रहेछन् र भत्काएर आएको काम लाग्ने इँटा, काठ जस्ता कुरा प्रयोग गरी चर्च बनाइएको रहेछ । अमालिएनवोर्ग दरबारपछि राजा फ्रेडरिक चौथौले आफनो शासनकालमा बनाउन लगाएका रहेछन् जहाँ गीष्मकालिन छुट्टै भवन, सुन्तलाको बगैंचा (ओरान्जेरी), फ्रेन्चशैलीको फूल तथा अन्य वनस्पतीको बगैंचा, भुइँतलामा रात्रि भोज गर्न मिल्ने पभेलियन र माथिल्लो तलाको हलबाट पुरै बगैंचा अवलोकन गर्न मिल्ने गरी बनाइएको रहेछ । कालान्तरमा त्यहाँ उस्तै देखिने चार दरबार बन्दै गएका रहेछन् । पहिलो दरबारको नाम मोल्टके दरबार रहेछ जुन राजा क्रिश्चियन सातौंले बनाउन लगाएका रहेछन् । दोस्रो दरबारको नाम लेभेत्व्जाउ रहेछ सो दरबार क्रिश्चियन आठौंले बनाउन लगाएका रहेछ । त्यसैगरी तेस्रो दरबार ब्रोकडोर्फ राजा फ्रेडरिक आठौं र चौथौं दरबार स्आक राजा क्रिश्चियन नवौंले बनाउन लगाएका रहेछन् ।


SOS MANPOWER SERVICE (P) LTD.
www.sosmanpower.org
विश्वसनीय र भरपर्दो वैदेशिक रोजगारका लागि हामीलाई सम्झनुहोस्
ISO 9001 JAS-ANZ
Handphone : 9851024628
G.P.O. Box : 3565, Dhapasi, Kathmandu, Labour Dept. Lic. No. : 80/052/53
Tel : 01 4365986 Fax : 01 4365985, Email : sosierra@wlink.com.np

दाँते सोसाइटी नेपाल
नयाँ बानेश्वरमा इटालियन, अंग्रेजी र जर्मन भाषा सिकी आत्मनिर्भर बनौं ।
फोन : ९८५१०२३६७०, ४४४१८१२

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

गर्मी मौसममा हुनसक्ने आगलागीका घटनाहरू र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न निम्नानुसार गर्ने गरौं ।
■ सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरू बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरूले नभेट्ने ठाउँमा राखौं ।
■ खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयागकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं ।
■ चुरोट बिँडीजस्ता वस्तुहरू प्रयोगपश्चात् जथाभावी नफालौं र आगो राम्रो सँग निभाऔं ।
■ पेट्रोल, डिजेल, ग्याँस स्टेसनको वरिपरि सलाई, लाइटरजस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं । आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चारमाध्यममा खबर गरौं ।
■ सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नी नियन्त्रक उपकरण राखौं ।
■ आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा अशक्तहरूको सुरक्षामा विशेष ध्यान दिऔं ।
■ आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरू चालू अवस्थामा राखौं ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

# बुद्ध सर्किटमा मोनो रेल



प्रदेश ५ को सरकारले बुद्ध सर्किटमा मोनोरेल सञ्चालनको योजना ल्याएपछि विदेशी कम्पनीले निर्माणका लागि चासो राख्न थालेका छन् ।

प्रदेश सरकारले आर्थिक वर्ष ०७४र७५ को बजेटमै मोनोरेलको सम्भाव्यता अध्ययनका लागि बजेट विनियोजन गरेपछि विदेशी कम्पनीले निर्माणमा चासो राखेका हुन् । अहिलेसम्म तीन विदेशी कम्पनीले बुद्ध सर्किटको अवलोकन गरी सरकारसँग लिखित रूपमै चासो राखेका हुन् ।

प्रदेश सरकारले ०७५/७६ को बजेटमा पनि तिलौराकोटदेखि लुम्बिनी एयरपोर्ट हुँदै रामग्रामसम्म मोनोरेलको सम्भाव्यता अध्ययन गर्ने उल्लेख गरेको छ । प्राविधिक र व्यावसायिक रूपमा सम्भावना भएमा संघीय सरकारको समपूरक अनुदानमा निर्माण सुरु गर्ने योजना छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारीसमेत सम्हालेका मुख्यमन्त्री शंकर पोखरेलले बजेट वक्तव्यमा पर्यटन प्रवर्द्धन गर्न प्राचीन कपिलवस्तु विकास आयोजना सञ्चालनार्थ संघीय सरकारसँग समपूरक अनुदानका लागि अनुरोध गर्ने उल्लेख गरेका हुन् ।

प्रदेश सरकारले मोनोरेल सञ्चालनमा चासो दिएपछि तीन विदेशी कम्पनीले निर्माणका लागि चासो देखाएको प्रदेश योजना आयोगका उपाध्यक्ष डाक्टर प्रकाशकुमार श्रेष्ठले बताए । प्रदेश सरकारले गत चैतमा मोनोरेलको विषय बाहिर ल्याएपछि विदेशीले चासो दिन थालेको उपाध्यक्ष श्रेष्ठको भनाइ छ । निर्माणको चाहना राखेका तीन कम्पनीमध्ये दुईवटाले स्थलगत भ्रमण गरी मौखिक चासो राखेको उनको भनाइ छ ।

पछिल्लोपटक चाइना रेलवे इन्टरनेसनल ग्रुपले मोनोरेल सञ्चालन गर्ने भनिएका स्थलको अवलोकन गरेको छ । अवलोकनपछि सो कम्पनीले प्रदेश सरकारसँग कुरासमेत गरेको छ । रामग्रामदेखि तिलौराकोटसम्मको स्थलगत अध्ययनपछि छलफल भएको र थप पछि छलफल गर्ने उपाध्यक्ष डा. श्रेष्ठले बताए । मोनोरेल सञ्चालनका लागि चासो दिएका कम्पनीमध्ये एउटाले लिग बनाउन र अर्कोले रेलका मेसिनरी सामान निर्माणमा चासो राखेको श्रेष्ठले बताए । त्यसैगरी, अर्को चिनियाँ कम्पनी सिसिआरसीले पनि स्थलगत अवलोकन गरेको थियो । सिसिआरसीले रेलका डिब्बा र इन्जिन बनाउँदै आएको छ ।

छलफलपछि विदेशी कम्पनीको टुंगो लागेमा लगानीका लागि केन्द्र सरकारमार्फत योजना अगाडि बढाउने सरकारको योजना छ । केन्द्र सरकार ऋण तथा अनुदानमा ग्यारेन्टी बसेपछि काम अगाडि बढ्न सक्ने प्रदेश सरकारका अधिकारीको भनाइ छ । अहिले चासो देखाउने तीनवटै चिनियाँ कम्पनी हुन् । पछिल्लोपटक शुक्रबार छलफल गरेको चिनियाँ कम्पनी चाइना रेलवे इन्टरनेसनल ग्रुप पहिलेको भन्दा राम्रो देखिएको उपाध्यक्ष श्रेष्ठले बताए ।

मुख्यमन्त्रीका प्रेस सल्लाहकार शेरबहादुर केसीका अनुसार मुख्यमन्त्री पोखरेलले मोनोरेलबारे छलफल गर्न तीन सदस्यीय टोलीलाई जिम्मा दिएका छन् । उनले सम्भाव्यता अध्ययन, डिपिआर, निर्माणलगायत विषयमा लुम्बिनी विकास कोषका सदस्य-सचिव विष्णुप्रसाद ढकाल, प्रदेश योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठ र मुख्यमन्त्री कार्यालयका सचिव वसन्त अधिकारीसँग छलफल गरी अघि बढ्न चिनियाँ टोलीलाई आग्रह गरेका थिए ।

प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकासलाई प्राथमिकता दिएको बताए । शुक्रबार मुख्यमन्त्री पोखरेल र चाइना रेलवे इन्टरनेसनल ग्रुपका अधिकारीबीच रामग्राम–लुम्बिनी–कपिलवस्तु बुद्धसर्किटमा मोनोरेलको सम्भाव्यता अध्ययनबारे छलफल भएको छ । भेटमा मुख्यमन्त्री पोखरेलले बुद्धसर्किटमा पर्यटनको सम्भावना प्रचुर रहेको र प्रदेश सरकारले पर्यटन प्रवर्द्धनका लागि पूर्वाधार विकासलाई प्राथमिकता दिएकाले काम गर्ने वातावरण तयार भएको बताएका थिए ।

उनले बुद्धसर्किटमा मोनोरेल सञ्चालन गरी पर्यटक बढाउने सरकारको योजना रहेकाले सम्भाव्यता अध्ययन, डिपिआर र निर्माणबारे छलफल गरी अघि बढ्न सकिने बताएका थिए । चाइना ओभरसिज ग्रुपका नेपाल शाखा महाप्रबन्धक वाङ्ग यु स्वेलगायत पदाधिकारीसहितको टोलीले मुख्यमन्त्रीसँग भेट गरेको थियो ।

बांगा कविता

## मन्त्रीको ज्वाइँ परिएन



● प्रेम ओली (ढकलपुरे)

सर्वसाधारण परियो
कुनै मन्त्रीको ज्वाँइ परिएन
त्यसैले खास तरकी गरिएन ।

त्यो फकुली मलाई भनेपछि हुरुक्क
हुन्थी
दुई चार दिन नभेट्दा पनि धुरुक्क
हुन्थी
त्यो बेला आफैंले खास भाउ दिइएन
बउ मन्त्री होला जस्तो पनि थिएन
उसकी आमाले भगाएर लैजाउ
भन्थी
आफैंले भगाएर पनि लगिएन
अहिले त उसको बाउमन्त्री अ रे
आफू त साधारण कर्मचारी परें
मन्त्रीको ज्वाँइ परिएन
त्यसैले खास प्रगति गरिएन ।


यहाँ प्रगति गर्न त
कि मन्त्रीको ज्वाँई पर्नु पर्छ
कि त मन्त्रीको साला भतिजा
हुनुपर्छ
नभए धर्मपुत्रै भए पनि हुन्छ
यति भएपछि त्यसलाई कसले
छुन्छ ?
न सरकारी टेन्डर हाल्नुपर्छ
न कुनै ठेकेदारी थाल्नुपर्छ
ठेकदार ब्यापारी तपाईंकाँ नै
आउँछन्
करोड चहियो कि अरब
तपाईंलाई भने जति नै थमाउँछन्
तस्कर पनि आउँछन्
पुलिस पनि धाउँछन्
कति कमाउने तपाईं, बोरैबाट
थमाउँछन्
तर आफू
कुनै मन्त्रीको भाइ साला नि परिएन
खास तरकी नि गरिएन ।

त्यो भगभगे कुमारी पनि
म कहाँ भेट्न खुब आउँथी
एक्लै भेटिभने त
आई लब यु भन्दै च्याप्प समाउँथी
अहिले उसको बाउ पनि मन्त्रीमा
परेछ
त्यो औंठाछापले नि गजबै गरेछ
आफू त देशैभरी मन्त्री हुँदा पनि
कुनै मन्त्रीको ज्वाँई परिएन
खास तरकी नि गरिएन ।

मन्त्रीको ज्वाइँ भएको भए
कोही सरुवा माग्न आउँथे
कोही बढुवा माग्न आउँथे
कसैले बँदेल खुवाउँथे
कसैले सुकुटी खुवाउँथे
भन्सार धन्सार पुऱ्याइदिनेले त
टन्न नै ढुकुटी खुवाउँथे
कसैले डिस्को लान्थे, कसैले क्याफे
लान्थे
एन्जीओ आइएन्जीओले विदेशै लान्थे
आफूलाई नि सानोतिनो राजै मान्थे
तर आफू कुनै मन्त्रीको ज्वाइँ
परिएन

## मन

प्रकाश चालिसे



कसरी बुझाउनु यो मन
न पुग्छ यसलाई घरबारले , न त धन ।


उडान भर्छ छिनमा, त्यो हावाको बेगसरि
न त कुनै पक्षीले आँट गर्न सक्ने
न त कुनै जेट प्लेनले नै भ्याउने ।

खिन्न पनि यै मनैलाई,
रमाइलो पनि सबै यसैलाई,
सन्तोष, आनन्दको थुप्रो पनि यै मनैमा,
दुःखको सम्पूर्ण भवसगरको बोझ पनि यै मनैमा ।
धर्म र पापको हाली पनि मनमै बिताउने,
चोरी र संगतको कहाली पनि यै मनमै रमाउने ।

अनि भाग्यमानी पनि यै मनै हो,
भरे फेरि शंका र उपशंकाको खानी पनि मनै हो
जे हुन्छ मनलाई सम्हालेर राख,
भात, दाल, तरकारी नै उच्च खाना
यसलाई नै काख, यसैलाई नै चाख ।

पर्यटन

# सिस्नु अर्थात् अमृत झार



हातको मैला सुनको थैला के गर्नु धनले, साग र सिस्नो खाएको बेस आनन्दी मनले' महाकवि लक्ष्मीप्रसाद देवकोटाका यी पंक्तिमा मात्रै सीमित रहेन अहिले सिस्नोको चर्चा । कुनै बेला गाउँघरमा दुई छाक खानाको जोहो गर्न नसक्नेहरूले समेत तुच्छ खानाको रूपमा लिने गरेको सिस्नो अहिले शहरका ठूला-ठूला डिपार्टमेण्ट स्टोर, तारे होटल, रेष्टुँराहरूमा महङ्गो खानाको परिकारमध्येमा पर्न थालेको छ ।

घरभित्र छिराउन मिल्दैन भनिने सिस्नो अहिले डिपार्टमेण्ट स्टोरहरूमा सजिएर दिनमै हजारौं रूपैयाँ बराबरको बिक्री हुन थालेको छ । सिस्नोको उत्पादन, प्रशोधन र बिक्री गर्दै आएको सुनसरीको हिमालयन एग्रो प्रोडक्टले देशका मुख्य शहरहरूमा सिस्नो पाउडर पुऱ्याइसकेको छ ।

राजधानीमा मुख्य कार्यालय रहेको सो कम्पनीले सिस्नो पाउडर देशभित्रमात्रै नभई अमेरिका, बेलायत, जापान, हङकङ, कोरियालगायतका मुलुकहरूमा पुऱ्याइसकेको छ ।

गोरखा, सिन्धुपाल्चोक, दोलखालगायत देशका विभिन्न ग्रामीण मुलुकहरूमा रहेका विभिन्न सहकारीहरूले सङ्कलन गरेको सिस्नोलाई राजधानीमा ल्याएर प्रशोधन गरी प्याकेजिङ र ब्राण्डिङमा जुटेको हिमालयन एग्रो प्रोडक्टले तयार गरेको रावा नामक ब्राण्डको सिस्नो सुप र चिया अत्यन्तै लोकप्रिय रहेको दाबी गर्छन् प्रबन्ध निर्देशक विशाल राई । वार्षिक ६० देखि ७० लाखको सिस्नो पाउडर बिक्री गर्दै आएका राईले यसकै आन्तरिक र बाह्य बजार विस्तार गर्नेतर्फ लागेको बताउँछन् ।

सिस्नो पछिल्लो समयमा सिस्नोको महत्वलाई बुझेर यसको कारोबारमा ओइरिने सङ्घ(संस्थाहरूको पनि लर्को लागेको छ । त्यसमा गाउँघरमा विभिन्न आमा समुह, सहकारीहरूले सिस्नोको प्रशोधनमा जुटेका छन् भने शहरमा दर्जनौं सङ्घसंस्था र कम्पनीहरुले विभिन्न ब्राण्डबाट सिस्नोको कारोबार गरिरहेका छन् ।

खेती गर्न र स्याहारसुसार गर्न नपर्ने जंगल, भीर र पाखामा त्यत्तिकै खेर गइरहेको सिस्नोबाट बनेको धुलो राम्रो मूल्यमा बिक्री हुनका साथै विदेश समेत निर्यात हुन थालेपछि सिस्नो उत्पादन र प्रशोधनमा लागेकाहरू पनि हौसिन थालेका छन् ।

सिस्नोको धुलोलाई दाल, ढिंडो, सुपको रूपमा बनाएर खाने गरिन्छ भने हरियो सिस्नोको मुन्टा तरकारीको रूपमा खानेहरूको सङ्ख्या बढ्दो छ । सिस्नो पोषिलो हुनुका साथै शरीरको रोग प्रतिरोधात्मक क्षमता बृद्धि गर्ने भएकाले पनि यसको माग बढेको छ ।

मुलुकमा चुलिंदै गएको व्यापार घाटालाई कम गर्न र अर्थतन्त्रलाई माथि उठाउन धेरै ठूलो कायापलट गर्नुपर्दैन । केबल जहाँ जे उत्पादन भइरहेको छ, जहाँ जुन स्थानमा जे कुराको सम्भावना हुन्छ त्यसलाई बुझेर आवश्यक व्यवस्थापन गर्न सके धेरै हुन्छ । सिस्नोको झार मुलुकका पहाडी क्षेत्रमा जहिंतहीं पाइन्छ ।

गाउँघरमा पाइने सिस्नालाई गाईवस्तुको लागि खोले वा गरिबहरुले दाल र सागको रुपमा प्रयोग गरिरहेको पाइन्छ । खाद्यान्नको अभावमा प्रकृतिले दिएको सिस्नोको प्रयोग भएको पाइन्छ । तर पछिल्लो समय सिस्नो औषधि सावित भएपछि यसको माग विदेशमा निकै महँगो दरमा भएको पाइन्छ । धनीहरुले यसलाई बढी प्रयोग गरिरहेका छन् ।

सिस्नोलाई गुणस्तरीय औषधिय गुणलाई स्वदेशी बजार चिनाउनमात्रै सकियो भने यसको उपयोगिता बढेर आर्थिक क्रियाकलाप बढ्छ । यसको विदेशमा हुने माग बमोजिम निकासी गर्न सक्यौ भने नेपालले अहिले झेल्दै आएको व्यापारघाटाबाट बनेको घाउलाई मल्हम लगाउन सकिन्छ ।

हामी कहाँ अथाह मात्रामा विभिन्न फाईदाजनक बहुमूल्य जडिबुटीको सम्भावना रहेको छ । तर त्यसको पहिचान हुन नसक्नु अहिलेको विडमम्बनाको रुपमा लिनुपर्छ । सजिलै पाइने देशको जुनसुकै ठाउँमा उत्पादन गर्न सकिने सिस्नोलाई विभिन्न तरिकाबाट प्रयोग गर्न सकियो भनेमात्रै पनि यसैबाट देशमा निकै नै धन कमाउन सकिन्छ ।

सिस्नो जहाँ कही पनि पाइन्छ तर त्यसलाई अहिलेको अवस्थामा पनि गाईवस्तुको खोलेको रुपमा प्रयोग भईरहेको हामीले पाएका छौं । अमेरिका, बेलायतजस्ता देशमा सुप, तरकारी, चिया, जुस, औषधि आदि विभिन्न रूपमा सिस्नुको पात तथा जराको प्रयोग गर्दै आइएको छ । यसका साथै सिस्नोको प्रयोगबाट अन्य फाइदा पनि प्राप्त गर्न सकिन्छ।

सिस्नोको नाम सुन्नासाथ हामी हरियो पात भएको काँडे घाँसलाई सम्झिन्छौ । सिस्नोसँग परिचित भएकाले त अझै यसलाई पोल्ने घाँसका रुपमा चिन्दछन् । हालैको एउटा अनुसन्धानले गाउँघरमा पाइने सिस्नु मानव स्वास्थ्यका लागि मात्रै नभई जीवजन्तुको लागि पनि बहुउपयोगी रहेको देखाएको छ । सिस्नोको मुन्टालाई दानाका रूपमा खुवाएको कुखुराले तुलनात्मक रूपमा धेरै अण्डा पार्ने, मासु स्वादिलो हुने र अण्डासमेत गुणस्तरीय हुने देखिएको छ । साथै सिस्नोबाट तयार पारेको दाना खाएको कुखुराले साधारण दाना खाएको कुखुराले भन्दा दोब्बर बढी अण्डा दिने गरेको पनि अनुसन्धानबाट खुलेको छ । सिस्नो खुवाएको बंगुरको तौल नखुवाएको भन्दा धेरै भएको र मासुसमेत स्वस्थ्य रहेको पाइएको छ ।

त्यसैगरी सिस्नुलाई दानाको रूपमा खुवाइएको गाईको दूधको परिणाम र दूधमा चिल्लो पदार्थको मात्रसमेत उल्लेख्य बृद्धि हुने गरेको अनुसन्धानले प्रमाणित गरेको छ । सिस्नु खाँदा हाडजोर्नीलगायतका शरीरका विभिन्न रोगको निदान हुने विश्वास गरिन्छ ।

### सिस्नोमा के के पाइन्छ ?

रायोको सागमा ३ सय ५० आई.यू.भिटामिन मात्रै पाइन्छ भने सिस्नोमा १२ सय आई. यू. भिटामिन ए, र भिटामिन सी अत्यधिक रुपमा पाइन्छ । तस्तै आइरन, फमिक एसिडलगायतका अन्य तत्वहरु पनि यसमा पाइन्छन् । भिटामिन पाइने अन्य तत्वहरु भन्दा सिस्नोमा सबभन्दा बढी भिटामिन हुन्छ ।

सिस्नोको नियमित प्रयोगबाट किड्नीको समस्या, पिसाब पोल्ने, दम, बाथ रोग, डाइटब्यालेन्सलगायत रगत उत्पादन गर्ने, रगतमा हेमोग्लोबिनको मात्रा बढाउने काम गर्छ । यसका साथै सिस्नोको मेहन्दी बनाएर कपालमा लगाउँदा कपाल झर्नबाट रोक्छ भने कपालको चाँया पनि हटाउँछ ।

महिनावारी अनियमीत हुने ग्यास्ट्रिक, स्त्रीरोग, बाथ, खाना नरुच्ने, मधुमेह, उच्च रक्तचाप, सुगर, जण्डिस, प्यारालाइसिस, पथरी, ग्याष्टिक, बाथ, अल्सर, कब्जियत, पायल्स, मधुमेह, जुका, युरिक एसिड, मुत्ररोगी, रक्तअल्पता, नपुसंकता, बाझोपन भएका बिरामीलाई उपयोगी मानिन्छ ।

त्यसैगरी पुरुषको शुक्रकिट उत्पादन, भाँचिएको र मर्केको हाडहरुलाई जोडन, आँखालाई तेजिलो र अनुहारलाई चम्किलो, शरिरलाई फुर्तिलो, छरितो र आकर्षक बनाउन, ढाँड दुख्ने, घुँडा र जोर्नी दुखेको, झस्को पसेको, सर्को पसि सोला हान्ने जस्ता रोग निको पार्न सिस्नोको पाउडर प्रयोग हुने गरेको छ ।

यसलाई झोल बनाएर खाना सँगै प्रयोग गर्न पनि सकिन्छ र उमालेर खान सकिन्छ । यसमा हुने रौ जस्तो झुसमा हुने फर्मिक अम्लले पोल्ने र हिस्टामाइनले सुन्निने भएकोले पीडादायक हुन्छ तर पानीमा उमालेपछि ती तत्वहरू नास भएर जान्छन् ।

यसको सोहि दुर्गुणको कारण पहिले पहिले यातना दिन तथा सजाय दिन यसको प्रयोग गरिन्थ्यो । यसमा हुने भिटामिन ए, भिटामिन सी, भिटामिन डी लौहतत्व, पोटासियम, म्यागानिज, क्याल्सियम जस्ता पौष्टिक पदार्थको कारण उत्तरी तथा पूर्वी युरोपमा यसको झोल लामो समयदेखि प्रचलित रहेको छ । यसमा २५५ सम्म प्रोटिन हुन्छ त्यसैले यो शाकाहरीहरूको लागि अति उत्तम भोजन हो ।

### सिस्नोको प्रयोग गर्ने विधि

१० ग्राम सिस्नोको धुलोलाई २ सय मिलिलिटर तातो पानीमा मिसाएर रातभरि भिजाएर छोडिदिने र बिहान खाली पेटमा खाने । यसरी नियमित रुपमा प्रयोग गर्दा छोटो समयमै यसबाट फाईदा लिन सकिन्छ ।

मानिस स्वस्थ रहनका लागि पनि भित्री पेटको सफाई अनिवार्य हुन्छ यसको लागि सिस्नो भन्दा उत्तम विकल्प अरु केही हुन सक्दैन । शरिरका भित्री अंगहरुको सफाइ गर्ने उपाय सजिलो छ । तर हामी कतिले थाहा पाएर पनि त्यो उपाय प्रयोग गरेका छैनौं । शरिरका बाहिरी अंगको सफाइका लागि पानी, श्याम्पु र साबुनले नुहाए जस्तै भित्री अंगको सफाइका लागि सिस्नु खानु पर्ने वैज्ञानिकहरुले बताएका छन्न् । हामीले हप्तामा एक पटक पानीले नुहाए जस्तै गरी नियमित रुपमा हप्तामा एकपटक सिस्नु खाने गऱ्यौं भने शरिरका भित्री अंग पनि सफा हुने नेपालका कृषि बैज्ञानिकहरुले पत्ता लगाएका छन् । हप्ताको एकपटक सिस्नु खानाले पेटमा रहेका सबै बिकार दिसाको माध्यमबाट बाहिर जाने तथा दिसाको थैलो सफा हुने कृषि बिज्ञहरु बताउछन् । हप्तामा एकपटक सिस्नु खाने मान्छेसँग जुनसुकै प्रकारका रोगहरुसँग लड्ने क्षमता पनि बढी हुन्छ । सामान्यतया यस्ता मान्छेलाई कुनै पनि रोगले छुँदैन ।

बहुगुण भएको यो सिस्नो हाम्रो पहाडी क्षेत्रका गाँउ घरका वारीका कान्लामा पाईने हुँदा घरमा यसलाई सागको रुपमा पनि प्रयोग गर्न सकिन्छ । हामीले खाने सागहरु मध्ये सिस्नु पनि एक उत्कृष्ट सागमा पर्छ ।

यस्ता अमूल्य जडीवुटीहरु हाम्रो घर आंगनमा भएता पनि यसको प्रयोग कसरी र केमा आउछ भन्ने थाहा नहुँदा हामी यस्ता खालका जडीवुटीलाई काटेर त्यसै नष्ट गर्ने र घर पालुवा चौपायको लागी खोले, सोत्तर, घाँस जस्ता कार्यमा प्रयोग गरी रहेका छौ । हाम्रो देश कृषि प्राधन देश भएको हुनाले यहाँ मध्यम वर्गका मानिसहरुको धेरै बसोबास छ र गरिबीको रेखामुनी पर्ने मानीस जो अस्पतालको पहुँच भन्दा धेरै टाढा रहेको छन् । यस्ता खालका मानीसहरुलाई यी बहुआयमिक खालका गाँउघरमै पाईने जडीबुटीका बारेमा चेतना दिन सके औषधी नपाएर अकालमा ज्यान गुमाउन बाध्य मानिसको संख्या कम गर्न सकिन्थ्यो ।

त्यस्तै जागिर नपाएर विदेशीएका जनशक्तिलाई हाम्रा गाँउघरका जडीवुटीको सदुपयोग बारेमा बुझाउन सके यस्ता बहुआयमिक जडीबुटीको खेती गरी आयआर्जनको राम्रो स्रोत हुने र यसरी विदेशीने जनशक्तिलाई कम गर्न मद्दत पुग्दथ्यो । नेपाल विकास उन्मुख राष्ट्र भएको हुँदा देशमा पाइने जडीबुटी संकलन गरी प्रशोधन गरि औषधिको रुपमा विदेश पैठारी गर्न सके राष्ट्रले राम्रो आम्दानी गर्न सक्थ्यो र रेमिट्यास र वैदेशिक सहयोगको भर पर्नुपर्ने बाध्यता अन्त्य हुने थियो ।

*न्यूजएग्रोबाट साभार*

# Looking for Greater Nepal

(Published in Himal Magazine in March 1993)

Most connosieurs of South Asian news and politics claim not to believe that there is a movement afoot to create a "Greater Nepal" along the Himalayan rimland of South Asia. Like Jyoti Basu, the Chief Minister of West Bengal, they maintain that the concept is a "bogey" pushed opportunistically by a handful of regional actors. But there are some diplomatic and media circles in the Indian capital of New Delhi, who profess to lake seriously the idea of a Greater Nepal "conspiracy" or "gameplan". Whether anyone believes it or not, therefore, "Greater Nepal" becomes an issue of geopolitical significance. Those who have given Greater Nepal a high media profile over the last two years, apparently acting independently of each other, are Dawa Tshering, Foreign Minister of Bhutan, and Subhas Ghising, Chairman of the Darjeeling Gorkha Hill Council. Ghising has had ongoing spats with West Bengal´s Left Front government and Sikkim´s Chief Minister Nar Bahadur Bhandari. His method of confronting these challenges has been to raise a scare with issues relating to territory, language and nationalism. Over the last couple of years, Ghising has claimed that: Darjeeling is a no-man´s-land due to lacunae in the 1950 Indo-Nepal Friendship Treaty; that Kalimpong is leased territory actually belonging to Bhutan; that ´Gorkhali´ rather than Nepali should have been the officially recognised language in India; and that there exists a conspiracy for Greater Nepal. In a 26 July 1991 letter to the Prime Minister of India, Ghising asserted that the recognition of´Nepali´ rather than´Gorkhali´ helped stabilise the Greater Nepal movement, which was a communist plot clandestinely supported by Indian leftists and Bhandari. The Communist Party of Nepal (United Marxist Leninist), Nepal´s powerful opposition in Parliament, Ghising warned, was demanding (the return of Nepali territories ceded to the British. "That is why I am spending sleepless nights," Ghising confessed to The Statesman of Calcutta. "My sixth sense and political acumen have repeatedly alerted me of the grave danger that the manifestations of the Greater Nepal movement pose to the Indian Union. Surprisingly, this danger is completely unknown to the rulers in Delhi and Calcutta." The Foreign Minister of Bhutan finds common cause with Ghising. In January 1992, Dawa Tshering told a visiting Amnesty International delegation that Nepali-speaking southern Bhutanese rebels were "supported by groups and individuals in India and Nepal who support the concept of a greater Nepal, which is based on the premise that the Himalayas are the natural home of the Nepalese, a myth which is not supported by historical fact." The concept had attracted Nepati politicians in India and Nepal because "the green hills of Bhutan have become a paradise for the land-hungry and job-hungry poor, illiterate Nepali peasants from across the border. " In Autumn 1992, as reported by the Kuensel weekly of Thimphu, the Foreign Minister informed the Tshongdu (National Assembly) that the political parties and people of Nepal were supporting the "anti-nationals" of soudiern Bhutan not merely because of ethnic affinity, "but more out of their deep-seated desire to promote the concept of a Greater Nepal". The plan envisaged "Nepalese domination over the entire Himalayas by bringing Bhutan, parts of the Duars in West Bengal and Assam and the states of Arunachal Pradesh, Meghalaya, Mizoram and Nagaland under Nepalese control just as in the case of Sikkim and Darjeeling." A Historical Yearning Of course, there was once a Greater Nepal — an historical Greater Nepal — but it did not last for long. Until the mid-1700s, the principalities of the Central Himalayan region had been content at fighting each other for strategic advantage. But then, emerging from the mini-state of Gorkha, Prithvi Narayan Shah devised a method of mountain warfare, conquest and consolidation which extended his domain far beyond what earlier rajas had ever contemplated. Within four decades, Prithvi Narayan and his immediate successors had incorporated the prize of Kathmandu Valley and pushed the Gorkhali frontiers from the Kirat regions eastwards to beyond the Karnali principalities of the west. The Gorkhali empire-builders then lunged westwards across the Mahakali river into Kumaon, taking it in 1790. Garhwal was conquered in 1804, and other Sutlej principalities were taken until the Gorkhali forces were laying seige to the fort of Kangra. Beyond, and probably within reach, lay Kashmir. In 1813, this historical Greater Nepal extended from the Sutlej to the Teesta, spanning 1500 kilometres. Rule over this expanse was brief, however, and the 1814-1815 war with the East India Company saw the Gorkhali realm whittled down considerably. The real¬time Gorkhali presence in Garhwal was for a little over adecade; Kumaon for 25 years; and Sikkim for 33 years. The Treaty of Sugauli, between a chastened Gorkhali state and the Company, was ratified in 1816. It stripped Kathmandu´s rulers of a boul 105,000 sq km of territory and left Nepal as she is today: a country of 142,000 sq km that has not shown extra-territorial ambitions since. Even as the historical Greater Nepal went into eclipse, there began a process of migration out of the Central Himalaya which would lead to demographic conflicts more than acentury later. During what one historian has characterised as the "silent years" of 19th century Nepal, the pressures of the State on the ethnic and other hill communities increased dramatically. Political repression, economic exploitation and, possibly, over-population, pushed peasants eastwards along hill and Duar towards the Indian Northeast, where the British needed Nepali brawn to harvest timber and to open up territories for settlement and tea gardens. Over the decades and well into the 1900s, Nepalis became heavily concentrated in the lower hills of Sikkim, Bhutan and in the Duars. In lesser numbers, they extended themselves right across the Northeast and as far as today´s Myanmar. Would this scattered community of Nepali labour/peasantry ever come together to form a Greater Nepal? The Likely Conspirators under presentcircumstances, a GreaterNepal could emerge from one of three directions: the Nepali State, the Sikkimese state, or the Lhotshampa Nepali-speakers of southern Bhutan.

**The Nepali State.**

After historical Greater Nepal was truncated by the Treaty of Sugauli, Nepal entered an insular era which lasted till 1951. Much of this period was under the Rana oligarchs, who understood well that they were not to eye the neighbouring territories of the Raj. With the overthrow of the Ranas, Kathmandu´s middle class shook off its century-old political shackles and was swept away by an upwelling of dated Gorkhali sentimentality. Childhood textbooks harked back to the halycon days of expansion, and patriotic songs extolled the Gorkhali prowess. However, while there was a yearning for a glorious past, there was no militancy. One folk lyric, collected in the early 1950s by Dharma Raj Thapa, went like this: What has happened to us Nepalis? Our own songs have alt been lost. We did twice best the Germans in battle. We did take the Sutlej and Kangra. But today our own voice is heard no more. A pan-Nepali movement did not emerge because Nepalis realised that the new Indian rulers had merely supplanted the British Viceroy. If Nepali politicians gave up the thought of incorporating Kangra and Darjeelirig, it wss not necessarily because they did not relish the prospect. It´was more the impracticability of establishing a Greater Nepal on India´s front lawn. A Greater Nepal would have to include the takeover of Sikkim (now a state of the Indian Union) and Bhutan (which falls squarely under New Delhi´s security umbrella). Which government of Nepal, whether Nepali Congress or any Left combine, would be willing to take such a dare !? As one diplomat in Kathmandu asked rhetorically, "Would not any Greater Nepal move by Kathmandu bring it up against a certain institution called the Indian Amity?" The three decades of the autocratic Panchayat system might have provided leisurely occasions to push for a "Brihat Nepal", to be spearheaded by the King, a direct descendant of "Badamaharaj" PrilhviNarayan. However, the defining foreign policy demarche during King Birendra´s years as unfettered monarch was actually the Zone of Peace proposal which, far from being pan-Nepali in nature, was seen by some as an attempt by Nepal to protect itself from a "Greater India". With the second coming of democracy in the spring of 1990, the freedom to speak out has once again provided a fillip to those few who continue to be obsessed with re-establishing the Gorkhali state´s lost land and glory. A group calling itself the Greater Nepal Committee was formed in Katlunandu in July 1991. It senl a letter to some Kathmandu embassies, stating, "Since the Nepali people are now sovereign, it is but natural that they worry about their nation and the perpetual security of its territorial integrity." Under the 1950 Indo-Nepal Treaty of Peace and Friend-ship, India should restore unconditionally to Nepal the territories east of the Mechi river and west of Mahakali. The Committee´s objective was "to create a world-wide public opinion in favour of the ´Greater Nepal´ and to achieve it." The letter was signed by Surendra Dhakal as member of the Committee. Dhakal, till recently, was the editor of a two-year-old Kalhmandu weekly, Rangamanch. DhakaL says that by campaigning for Greater Nepal, he was fulfilling his moral and nationalistic duty. But why is it that he seems to be cryinG in the wilderness? He replies, "Right across the political spectrum, Nepali leaders are cowed down by fear of India, which is why they were unwilling to speak out In support." Dhakal said he did not know of any organisation´other than his own that was pushing for a Greater Nepal. Whatever might be the seriousness with which some individuals and groups regard Greater Nepal, their enthusiasm might be dampened somewhat when they look within the nation-state of Nepal. Since the spring of 1990, there has been a surge of ethnic and regional assertion within Nepali boundaries. At a time when the Nepali State is looking inwards to resolve these challenges, it would hardly seek external adventures that would directly challenge the Indian State. While Prime Minister Girija Prasad Koirala told Sikkimese journalists in Jhapa that the Greater Nepal idea is "a product of unstable minds", Nepal´s mainstream Left seems to be just a bit ambivalent towards Greater Nepal — they like




आजभन्दा ७१ वर्षअगाडि १४ र १५ अगस्टका दिन महात्मा गान्धी र मोहम्मद अली जिन्हाले पाकिस्तान र भारतलाई बेलायती उपनिवेशबाट मुक्त गरेका थिए । तर नेपालमा न राजा न नेताहरू कसैले पनि टिस्टा काँगडाको नेपाली भूभाग नेपालले फिर्ता पाउनुपर्छ भनेर बेलायतसँग जिकिर नगर्दा आजसम्म पनि ग्रेटर नेपाल भूभाग भारतले कब्जा गरिरहेको छ । मैले आफ्नो नेतृत्वमा सन् १९९१ देखि नै सुरू गरेको ग्रेटर नेपालको आन्दोलनले क्रमशः उचाइ लिइरहेको र राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा यसको पक्षमा जनमत बन्दै गइरहेको परिप्रेक्ष्यमा यो लेख पुनः प्रकाशित गरेका हौं ।

- सुरेन्द्र ढकाल

the concept but are unwilling to do anything about it. As much is clear from the Rangamanch´s interview with Madan Bhandari, General Secretary of the CPN (UML). He said, "I do not want to make any political comment on Greater Nepal. But as far as it is a question of feeling, as a Nepali I can express the emotion that Nepali-speakers who are linked through their ancestry should be able to come together as one united family. If the Greater Nepal issue progresses ahead, then in a peaceful manner, taking into account the sentiments of alt people, this thing can be decided." Asked about current CPN (UML) policy on the matter, however, Ishwor Pokharel, Central Committee member of the CPN (UML), was unequivocal: "We have made no fonnal statements on the question of Greater Nepal and no leader of the party has endorsed this concept. We have decried unequal treaties between Nepal and India, but that is in the context of the 1947 Tripartite Agreement and subsequent treaties. We have not gone back to question the Sugauli Treaty of 1816, nor asked (or cession of land to Nepal. The party regards the Greater Nepal proposals as neither relevant nor timely and we have not taken them seriously."

**The Sikkimese state.**

Today´s Sikkim is dominated by Nepali-speakers and the Bhutia/Lepchas who were here first have been marginalised. Chief Minister Bhandari has ruled Sikkim for 12 years and emerged as the most powerful voice of Indians of Nepali-origin. A charismatic and ambitious man, Bhandari must seek successes beyond his small state. Could a move for Greater Nepal come from him? Under present circumstances, it is not realistic for Bhandari or anyother Nepali leader in India to have visions of becoming a leader of Nepali-speakers of South Asia as a whole. "Greater Sikkim", however, seems a more likely possibility. In a July 1991 press conference, as reported by the Sikkim Observer, Bhandari himself did indicate a preference for a Sikkim with Darjeeling incorporated into it; Sikkim´s historical claims over the Darjeeling hills would not make untenable the demand for a united state. (The Darjeeling hills were gifted by the Chogyal to the British as late as 1835,) But the establishment of such a Nepali-speaking enlarged state within India would be complicated as it would impinge upon the turf of Ghising and West Bengal. B.S. Das, a former Indian envoy to Thimphu, is of the view that if Bhandari´s emergence as a spokesman for all the Nepalis settled in India remains within bounds, it does not become a problem. However, he writes, "if these forces are allowed to become stronger by Indian neglect or Bhutanese mistakes, the concept of Maha Nepal will emerge under the garb of the so-called Greater Sikkim."

**The Lhotshampa**

The third category of possible conspirators would be the Lhotshampa of Bhutan, in particular the 85,000-plus refugees who today populate the camps of southeast Nepal. However, it appears that the Lhotshampa's most logical agenda would be to strive for greater power-sharing within Bhutan. Says R.B. Basnet, President of the Bhutan National Democratic Party (BNDP), "There has been no document and no speech by any refugee leader which has spoken of Greater Nepal as our goal. This is something we have heard of only since we have come outside. It is a concept that is neither feasible nor desirable for Bhutan. It might have been brought up to create misunderstandings between Nepal and India and to undercut any Nepali support for the refugees." Since the Thimphu Government seems firm on not wanting the refugees back, there is only one party that can ensure the refugees´ repatriation to their homesteads — the Government in New Delhi. And the one move that would guarantee immediate antagonism from that quarter is for the refugees to agitate for a Greater Nepal. The refugee leaders perhaps realise this better than others. Until the Lhotshampas emerged as refugees, there seems to have been very little political links between them and the Nepalis of Nepal. If there is any place where there is a feeling for being ´Nepali´ today, however, it is in the refugee camps of Jhapa. Said one camp resident, "This feeling arises because the very reason we have been made refugees is because we speak Nepali. I used to feel Bhutanese first and Nepali second. Now it is the other way around." Their refugee status, thus, seems 10 have forced the Lhotshampas to feel more ´Nepali´ than before. By creating the conditions that have made Nepali-speakers into refugees on a mass scale, therefore, the Bhutanese Government might have unleashed a process of self-identification that could become uncontrollable. For the moment, however, this seems unlikely, and the refugee leadership seems little inclined to initiate or join a movement for a Greater Nepal.

**Eyes on New Delhi**

It is clear that "Greater Nepal" is used by both Thimphu and Darjeeling as a weapon in their separate battles. It is a means to make the powerful politicians and bureaucrats in New Delhi sit up and take notice. But why is "Greater Nepal" such a convenient issue to catch New Delhi´s attention? Both Ghising arid Tshering know well the sensitivity of India´s strategy towards the "northern frontier". They understand that New Delhi would not take kindly to the emergence of a Nepali-speaking superstate in such a strategic region, most particularly the Northeast. Greater Nepal, at its geographical widest, would command the Himalayan rimland, controlling water resources, irrigation, hydropower, tourism, and trade with Tibet. Added if such a state were to be foreign under Kathmandu´s rule, this would give rise to attendant geopolitical complications that New Delhi could well do without. Among New Delhi strategists, therefore, a Greater Nepal state would be something to avoid. At the same time, astute diplomacy could make effective use of the Greater Nepal scenario, even if it were not entirely believable, as a means to keep the Nepali Government forever on the defensive. Stoking the Greater Nepal embers every now and then could serve a purpose. That genuine concern there is in the plains about Greater Nepal probably refers back to the lurking fear that the martial Gorkhalis will one day arise and take over chunks of the Indian territory. This fear of the khukuri as a regional threat is quite dated to those who keep up with Nepali society. But many, some plains academics among them continue to regard the "Gorkhas" as comprising of one unified race with the ability to articulate a political agenda and achieve complicated geopolitical designs. Journalist Sunanda K. Datta-Ray wrote recently in The International Herald Tribune that the Indian Government "has long been wary of the Nepalis". The claim for official recognition of the Nepali language is seen "as the thin end of a wedge of political demands by a martial race entrenched in pockets along India´s 1,500 mile Himalayan border..." Tanka Subba, a sociologist and researcher at the North Eastern Hill University in Shillong, says that there is also fear of Nepali expansion from the tens of thousands of demobilised and retired Gurkha soldiers. "With so much military experience, so the argument goes, it may be possible for Nepalis to take over areas where they dominate." With the layers of worries and suspicion about the Nepali-speaking hills (sensitive northern frontier, a possible super-state, a supposedly homogeneous population, the martial legacy), a suggestion that the Nepal´s Left parties are planning a Greater Nepal putsch, or that Nar Bahadur Bhandari´s popularity among Nepali-speakers of India shows the way to Greater Nepal, or a suggestion that Lhotshampas of Bhutan are the vanguards of a Greater Nepal campaign—all serve Ghising´s and Tshering´s purpose to get New Delhi to see things their way. When Jyoti Basu was dismissive of the Greater Nepal issue, one Sunday Mail reporter responded in a column, "...there is more to the ´Greater Nepal´ issue than meets the eye... Jyoti Basu may dismiss the allegation of a ´Greater Nepal´ movement as a´bogey´for political reasons, but the responsibility of the Union government goes deeper than that." The Nepali Psyche Anirudha Gupta, political scientist at the Jawaharlal Nehru University in New Delhi, speaking on Greater Nepal, says, "There is no conspiracy, but there is an aspiration. Today, there is revival everywhere, and the Nepali-speaking middle class perhaps is no exception. Historical revivalism always brings up irredentist eruptions. In the Nepali case, people may start looking back to Sugauli and the ceded territories. The middle class intellectual aspirations have always been an easy ground to revive a feeling of past perceived wrongs. When ´we´ and ´they´ comes to the fore of discourse, history comes alive, to influence me future. "Under what conditions would a pan-Nepali ´ethnogenesis´ come about, which could then be expected to lead to a potent Greater Nepal movement? There has been no wrenching incident in Nepali history, no trial by fire, that has led to the evolution of a collective national psyche. What has served to loosely bring the population together has been the force of Gorkhali expansion, the Kathmandu-based monarchy, a sense of being separate from the plains, and,´most significantly, the spread of the Nepali language. While a sense of identity is there, nationalism never settled deep. Prithvi Narayan Shah, unifier ofNepal, is not the icon of choice among the Nepali-speakers outside Nepal. Even Nepalis of Nepal do not make pilgrimages to spots of erstwhile military martydom, such as the battlefields of Nalapani and Malaun. Instead, except in Ghising´s present-day Darjeeling, the accepted symbol of pan-Nepali cultural identity is Bhanu Bhakta Acharya, the adi kabi of Nepali literature. And the Nepali language is travelling along the hills. The economics of modern mass communications demands a dominant language, and along the central Himalayan rimland, Nepali has slipped into that role. Nepali is ascendant even as there is an unfortunate loss of ethnic languages and cultures right across the Himalaya. In order to reach the largest audience, politicians, journalists, advertisers, filmmakers; entertainers, educators, tradespeople and others are making increasing use of Nepali. While it is language that binds the Nepali-speakers of South Asia, it is a weak thread. The feeling of ´Nepaliness´ in the Nepali ´diaspora´ is culturally charged, but not politically so. One explanation for this weak politicisation might be that, barring Sikkim, Darjeeling and the Duars, the concentration of Nepalis in India is relatively low. Another could be that Nepalis do not form an ethnicity or race. For a Bengali or Marathi, it is a quick step from language to cultural identification. For good percentage of Nepalis, however, the Nepali language is a second language. There is so much that sets apart even Nepali-speakers from one another — tribe, caste, class, language, region, and so on. Political mass articulation is therefore harder to achieve among Nepali-speakers than it would be for a more homogeneous population. A serious move towards Greater Nepal would have to have its origins in the targeting and humiliation of Nepali-speakers from all over, in an extreme scale, for being Nepali-speakers. Even then, the threshold of tolerance seems to be notched high for Nepali-speakers, so thin and outside the mother country. Severe suffering inflicted upon Nepali-speakers over the last decades did not lead to a circling of wagons and die subsequent rise of region wide nationalism. Neither the eviction of Nepali-speakers from Burma in the 1960s, nor the expulsion of Nepali-speakers from Meghalaya in 1985-1986 resulted in organised pan-Nepali reaction. When border points were closed during the height of the Nepal-India trade and transit crisis of 1989-1990, sentiments were affected among Nepali-speakers of India, but there was no political surge. And today, even with the volume of media attention that has finally focused on the Lhotshampa refugees, there is no political coming together of the larger Nepali-speaking world. An Indian national daily recently presented with alarm the geographical extent of the Greater Nepal that is planned — it is to include large parts of Himachal Pradesh, Kumaon and Garhwal, Dehradun, all of Nepal, Sikkim, Bhutan, and the Duars. The map presented by Dhakal of the Greater Nepal Committee covers more or less the same ground. But a look at the rimland, from east to west, shows: a well-entrenched state of Himachal; the Uttarakhand region which does want autonomy, but only from Lucknow; a Nepal whose political leaders remain preoccupied with myopic politics of the short-term; a Darjeeling dial wants emancipation, but only from Calcutta; a Sikkim that wants Darjeeling, if it could have it; and a Bhutan that is every day shedding more of its Nepali identity. The vested interests, the administration and the politics of the region are all well-entrenched, and only a Subcontinental wrenching that goes far beyond the Himalayan region would dislocate them and lead to, among other things, a Greater Nepal. While a large portion of the population of the region is able to appreciate the cultural attributes of the Nepaliness, the feel does not go deep enough to emerge as a movement for Greater Nepal anytime soon.

***(This article is adapted from a paper presented at a conference on Bhutan organised by the School of Oriental and African Studies, University of London. 22-23 March 1993)***

प्रेरक प्रसंग

## जागृत मानव



बुद्धलाई कसैले आएर सोध्यो–के तपाई भगवान् हुनुहुन्छ ?

बुद्धले भने– अहँ, होइन ।

के तपाई देवदूत हुनुहुन्छ ?

बुद्धले फेरि भने – अहँ, होइन ।

उसले फेरि सोध्यो– के तपाई ईश्वर–पुत्र हुनुहुन्छ ?

बुद्धले फेरि भने – अहँ, होइन ।

उसले प्रश्न गर्दै गयो – के तपाई अवतार हुनुहुन्छ ?

बुद्धले पुनः टाउको हल्लाउदै दोहोऱ्याए– बिल्कुल होइन ।

अन्त्यमा उसले सोध्यो– तपाई को हुनुहुन्छ त ?

बुद्धले मुस्कुराउदै भने– म जागृत मानव हुँ ।

वास्तवमा दुनियाँभरका मानिसहरू बुद्ध नै हुन् । फरक यतिमात्र छ, तपाई सुतिरहेको बुद्ध र बुद्ध उठिसकेको मान्छे । दुनियाका सबै आइन्स्टाइन, मार्क्स, प्रिस्ले, शेक्सपियर, माइकल ज्याक्सन, पेले आदि आदि – फरक यत्ति कि उनीहरू उठीसकेको र तपाईहरू सुतिरहेको । र, जब तपाई जाग्नुहुन्छ तब तपाई पनि बुद्ध तपाई पनि आइन्स्टाइन'. ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ । प्रयत्न गर्दा विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे फाइदा उठाउन सकिनेछ । परिश्रम परे पनि लक्ष्य प्राप्त हुनेछ । शत्रु परास्त हुनेछन् भने रोगबाट उन्मुक्ति मिल्नेछ । विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष बलियो रहनेछ । प्रतिस्पर्धीहरूलाई समेत पछि पार्न सकिनेछ ।

### बृष

शुभचिन्तकहरूले साथ दिनेछन् । लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । समयले साथ दिनेछ भने प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ । बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रतिष्ठित काम सम्पादन गर्ने मौका छ । सेवामूलक कामबाट धनलाभ हुनेछ । सहयोगीहरू जुट्नाले प्रतीक्षित नतिजा सबल हुनेछ ।

### मिथुन

प्रक्रिया नमिल्नाले काम दोहोऱ्याउनुपर्ने स्थिति आउन सक्छ । हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ । बेसुरमा दिइएको वचनले समस्या निम्त्याउन सक्छ । महत्त्वपूर्ण योजना तत्काल सार्वजनिक नगर्नुहोला । घरायसी आवश्यकता र सोखले खर्च भने बढाउन सक्छ । अनावश्यक साइनो गाँसी नजिकिनेहरूसँग सावधान रहनुहोला ।

### कर्कट

सहयोगीहरूले राम्रो साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ । गरिएका कर्मको छोटो समयमै उचित प्रतिफल पाइनेछ । विशेष उपहार समेत हातलागी हुन सक्छ । कृषिमा कामको चाप र चौपायामा केही समस्या देखिए पनि धन आर्जन प्रशस्तै हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई पछि पार्न सफल भइनेछ ।

### सिंह

वचन पुऱ्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ । हातमा आएको रकम अरूका लागि खर्चनुपर्नेछ । तापनि मिहिनेतले सम्मानित स्थान दिलाउनेछ । बुद्धिले काम लिँदा चिताएको योजना कार्यान्वयनमा आउनेछ । अरूको मुख ताक्ने बानीले आफ्नो काम अधुरो रहनेछ । शुभचिन्तकहरूको भावना बुझेर अघि बढ्नुहोला ।

### कन्या

अवसर प्राप्त भए पनि परिस्थितिवश काममा बाधा होला । बेसुरको निर्णयले समस्या निम्त्याउनेछ । आफ्ना कमजोरीमाथि टिप्पणी हुन सक्छ । तर प्रयत्न गर्दा स्थितिमा सुधार आउनेछ । दोहोर्याएर प्रयास गर्दा रोकिएको काम बन्नेछ । आफ्नो सूचना बाहिरिन सक्छ, गोपनीयतामा ध्यान पुर्याउनुहोला । सुन्दर पहिरनका साथ व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### तुला

खर्च लागे पनि लगानी बढाउने अवसर आउन सक्छ । दिगो योजनाका लागि ऋण लिने समय छ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । तापनि उपलब्धिमूलक यात्रा गर्ने प्रक्रिया अघि बढ्न सक्छ । तर करकापमा परी काम वा विशेष निर्णय गर्नुपर्ने परिस्थिति आउन सक्छ । आफ्ना कमजोरीबाट लाभ उठाउनेहरू सक्रिय हुने हुँदा सावधान रहनुहोला ।

### बृश्चिक

दैनिक आवश्यकता पूरा हुनेछन् भने मिहिनेतको फल प्राप्त हुनेछ । आम्दानी बढ्नाले उत्साह जाग्नेछ । श्रमको उचित मूल्य पाइनेछ । व्यापारमा राम्रै फड्को मार्ने समय छ । छोटो समयमै राम्रो प्रगति हुनेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । विभिन्न परोपकारी काममा प्रवृत्त भइनेछ । सहयोगीहरूको साथ पनि जुट्नेछ । मिहिनेत गर्दा लक्ष्यमा पुगिनेछ ।

### धनु

कामको सन्दर्भमा प्रतिष्ठित व्यक्तिहरूसँग सहकार्य गर्ने अवसर जुट्नेछ । दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । विशेष भेटघाटले काममा उत्साह बढाउला । मिहिनेतले नाम, दाम र इनाम दिलाउन सक्छ । तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो वर्ग वा क्षेत्रको नेतृत्व पनि हातलागी हुने समय छ ।

### मकर

मिहिनेत परे पनि भाग्यले राम्रै अवसर दिलाउनेछ । चुनौतीहरू स्वतः हट्नेछन् भने अवसर तथा सफलताले पछ्याउनेछन् । टाढिएका मित्रगण नजिकिनाले प्रसन्नता मिल्नेछ । सामाजिक काममा रुचि बढ्नेछ । आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ । अभाव हट्नुका साथै दाम, नाम र इनाम प्राप्त हुनेछ । धार्मिक अनुष्ठान र सेवामूलक कामले प्रतिष्ठा दिलाउनेछ ।

### कुम्भ

व्यस्तता बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ । गोप्य सूचना बाहिरिनाले काम दोहोर्याउनुपर्ने स्थिति आउन सक्छ । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला । समस्या दर्साउँदा शुभचिन्तकहरूले साथ दिनेछन् । चिताएको काम तत्काल सम्पादन नभए पनि पछिका लागि सकारात्मक संकेत प्राप्त हुनेछ । अप्ठ्यारो स्थितिमा पनि केही काम बन्नेछन् ।

### मीन

दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । परिवेश उल्लासमय रहनेछ । व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ । मिहिनेतले जीवनशैलीमा राम्रो परिवर्तन ल्याउनेछ । प्रियजनसँग भेटघाट हुनुका साथै आतिथ्यपूर्ण सम्मान प्राप्त हुनेछ । गृहस्थी यात्रा रमाइलो रहनेछ । आफन्तहरूको साथले नयाँ आशा जगाउनेछ ।

## "इन्टु मिन्टु लण्डनमा" शीर्ष गीत रिलिज

रेनाशा वान्तवा राई निर्देशित डेब्यु फिल्म 'इन्टु मिन्टु लण्डनमा' को शिर्ष गीत सार्वजनिक भएको छ । यसमा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह र डेब्यु ब्वाई धिरज मगरको प्रमुख भूमिका छ । सुजिल कर्मचार्यको शब्द रहेको गीतमा उनकै स्वर सुन्न सकिन्छ । लण्डनमा खिचिएको गीतको भिडियोमा धिरज फिचर्ड छन् । गीतमा लण्डनको चित्रण गरिएको छ ।

'इन्टु मिन्टु लण्डनमा' लाई प्रज्ज्वल समशेर जबरा र प्रभुशमशेर जबराले संयूक्त रुपमा निर्माण गरेका हुन् । फिल्ममा मिरा अर्थात् मिन्टुको भूमिकामा साम्राज्ञी, इशान अर्थात् इन्टुको भूमिकामा धिरज मगर प्रस्तुत छन् । आई कोर फिल्मस्को व्यानरमा निर्मित 'इन्टु मिन्टु लण्डनमा' का सह(निर्माताहरुमा सुलेखा राई, बसन्त तामाङ र सुष्मिता जिरेल रहेका छन् । फिल्मको लेखकमा अभिमन्यु दिक्षित र रेनाशा रहेका छन् भने, आभास कर्माचार्यको संवाद रहेको छ ।

शैलेन्द्र धोज कार्कीको छायांकन रहेको फिल्ममा टिसूजिल कर्माचार्य, हर्कुलस बस्नेत, स्वप्न सुमन र बसन्त सापकोटाको संगीत रहेको छ । यो फिल्म असोज ५ गतेबाट प्रदर्शनमा आउँदैछ । प्रज्ज्वल समशेर जबरा र रेनाशाकै कथा रहेको रोमान्टिक लभस्टोरीमा साम्राज्ञी र धिरजसँगै शारुक ताम्राकार, दिलभुषण पाठक, विजय लामा, रुवी राणालगायत मुख्य भूमिकामा छन् ।

## "मेरी मामु" को प्रचारमा ३८ लाख

'चंखे शंखे पंखे' बाट फिल्म निर्माणमा हात हालेका निर्माता हुन् सन्तोष सेन । डेब्यु फिल्म बक्सअफिसमा पत्तासाफ भएपनि उनलाई फिल्म निर्माण गर्ने भूतले छाडेन । पुनः सुदर्शन थापालाई निर्देशकको रुपमा लिएर उनले 'प्रेमगीत' बनाए । दोस्रो फिल्म पनि बक्सअफिसमा चलेन । तर दर्शकको नजरमा फिल्म उत्कृष्ट ठहरियो । यसपछि उनले लभस्टोरी कथामै 'प्रेमगीत' को दोस्रो सिरिज बनाए । लिड अभिनेतामा प्रदीप खड्का थिए । यो फिल्म बक्सअफिसमा चम्कियो । उनी दिलखोलेर खर्च गर्ने निर्माता हुन् । निर्माणमा होस् वा प्रचारमा, उनले पैसाको खोलो बगाउँछन् । अब उनले निर्माण गरेको चौँथो फिल्म 'मेरी मामु' भाद्र १५ गते सोलो रिलिजमा आउँदैछ । यसमा उनले आफ्नै ६ वर्षे छोरा आयूब सेनलाई डेब्यु गराएका छन् । सन्तोषले निर्माण गरेका तीन फिल्म लभस्टोरी बेसका थिए । तर 'मेरी मामु' मा उनले फरक कथा टिपेका छन् । आमा र छोरा बीचको दूरी र आत्मीयताको कथा फिल्मले बोल्छ । यो फिल्मको एक गीत समेत सार्वजनिक भइसकेको छ । गीतबाट आयुबको चर्चा चुलिएको छ ।

केही दिनमा ट्रेलर सार्वजनिक गर्ने तयारीमा रहेका निर्माता सेनले दुई चरणमा फिल्मको प्रचार गर्ने बताए । पहिलो चरणको प्रचार सकिसकेको छ । देशका प्रमुख स्टेशनमा पत्रकार सम्मेलनदेखि स्कुल स्कुलमा गएर फिल्मको विषयमा जानकारी गराइएको थियो । दोस्रो चरणको प्रचार 'प्रेमगीत २' शैलीको गर्ने सेनको तयारी छ । उनका अनुसार, देशभर फिल्मको प्रचार(प्रसारलाई आक्रामक बनाउन सांगीतिक कन्सर्ट गरिँदैछ । प्रायः निर्माताहरु फिल्मको प्रचार गर्ने बेला कुना पस्ने गर्छन् । लाखौं खर्च हुने हुँदा हत्तपत्त निर्माताले प्रचारका लागि खल्ती रित्तो बनाउन चाहँदैनन् ।

आखिर निर्माता सेनले प्रचारमा कति खर्च गर्दैछन् ? फिल्मीखबरसँग फोन वार्तामा उनले भने, '२५ लाख छुट्याएको थिएँ अब यतिले नपुग्ने देखिएको छ । थप १३ लाख अरु छुट्याएको छु ।' ९६ लाखमा बनेको फिल्मको प्रचारमा मात्र ३८ लाख खर्च गर्नु सानो कुरा होइन । निर्माता सन्तोष सेनले फिल्म राम्रो बनेका कारण प्रचारमा पैसा खर्च गर्न नडराएको बताए । उनले भने, 'फिल्ममा पनि हामीले लगानी गर्नुपर्ने ठाउँमा काहिँ कञ्जुस गरेका छैनौं । म खुसी छु खर्च भएअनुसार फिल्म बनेको छ । आयुबले राम्रो काम गरेको छ । फिल्मले लगानी सजिलै उठाउँछ ।'

## रोहितले "ब्रेकअप" किन छाडे ?

चलचित्र 'द ब्रेकअप' निर्माणका लागि सहकार्य गरेका रोहित अधिकारी र हेमराज वीसीको सहकार्य लामो समय टिकेन । चलचित्रको छायांकन चलिरहँदा रोहित र हेमराजबीच असमझदारी बढ्यो र रोहितले चलचित्रको निर्माणबाट हात झिके । अष्ट्रेलियामा चलचित्रको छायांकन चलिरहादा रोहित र हेमराजविच असमझदारी बढेको हो । दुबैविच हात हालाहालकै अवस्था समेत श्रृजना भएको बताइन्छ । तर, सोमबार बेलुकी आयोजना भएको चलचित्रको इन्ड क्ल्याप पार्टीमा भने हेमराजले सहमतीमै चलचित्रबाट रोहितले हात झिकेको बताए । उनले भने(‘काम गर्दै जाादा असमझादरी हुन्छ । मेरो काम गर्ने आफ्नै तरिका छ, रोहितको आफ्नै छ । यसैले समझादारीमै उनले चलचित्र छाडेका हुन् ।'

हेमराजले भित्री रुपमा के असमझदारी थियो, त्यो भने आफूले सबै सामु ल्याउन आवश्यक न ठानेको समेत बताए । रोहित अधिकारीले हेमराजको काम गराइबाट असन्तुष्ट भएर चलचित्र छाडेको खबर मिडियामा आएको थियो । हेमराजले भने त्यो कुरालाई अस्विकार गरे । रोहितले चलचित्र छाडेपछि अब यसमा निर्माताको रुपमा हेमराजसागै रुपक थापा, दीपक खतिवडा, रेनु रानाको लगानी रहेको छ ।

(अनलाइनहरुबाट)

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Bungle = राम्रो वा व्यवस्थित रुपले गर्न नसक्नु He was fired because he bungled the assignment (जिम्मा दिएको काम राम्रोसँग गर्न नसक्दा उसलाई कामबाट निकालियो)

Complaisant = खुसी पार्ने प्रवृत्ति, भनेको मान्ने She is very happy because she got a complaisant husband (भनेको मान्ने लोग्ने पाएकोमा तिनी ज्यादै खुसी छिन्)

Dirge = दुःख पर्दा बज्ने संगीत Radio broadcasts the dirge on the sad demise of the head of the state (राज्य प्रमुखको मृत्युमा रेडियो शोकपूर्ण संगीत बजाउँछ)

Esoteric = बुझ्न गाह्रो क्लिस्ट For esoteric poems he is very famous (क्लिस्ट कविताका लागि ऊ ज्यादै प्रख्यात छ)

Futile = व्यर्थको He made many attempts to solve the problem but all of them turned futile (समस्या समाधान गर्ने उसले धेरै प्रयास गऱ्यो तर सबै ब्यर्थ भए)

Grovel = घुँडा टेक्नु Although he was defeated, he did not grovel (हारे तापनि उसले घुँडा टेकेन)

Husband = फारु गर्नु, जतन गरी प्रयोग गर्नु, पालन गर्नु Marathon runners must husband their energy otherwise they can not keep running for entire distance (म्याराथुन धावकहरूले पुरै शक्तिको प्रयोग नगरी विस्तार विस्तार दौड्नु पर्दछ अन्यथा पुरै दूरी पार गर्न सक्तैनन्)

Inadvertently = थाहैनपाइकन She was afraid that she might make many mistakes inadvertently (थाहै नपाइकन धेरै त्रुटी गरेकी भनेर तिनी डराइन्)

Jocund = ठट्यौलो Everyone likes him because he is jocund (उसको ठट्यौलो बानी सबैले मनपराउँछन् )

Knead = मुछ्नु For making good clay pots one has to knead the clay very well (राम्रा माटाका भाँडा बनाउनका लागि माटो पनि राम्ररी मुछ्नु पर्दछ)

## सामान्य ज्ञान (प्रश्नोत्तर)

सबभन्दा बढी र कम धान फल्ने जिल्ला कुन हो ?
- झापा र मोरङ

युरियाबाट बिरूवाले के प्राप्त गर्छ ?
- नाइट्रोजन

नेपाल र चीनबीच पहिलो सन्धि कहिले भयो ?
- वि.सं. १८४९

कुन ठाउँ ब्रिटेनको अधिकारमा छ र त्यहाँ अमेरिकाले सेना अड्डा बनाएको छ ?
- हिन्द महासागरको दिवेगोगारनिका

अठ्तीस पैरेरल भनेको के हो ?
- उ.कोरिया र द.कोरिया विभाजित गर्ने रेखा

एउटा मानिसको मुटु अर्को मानिसमा सार्नलाई के भनिन्छ ?
- ओपेन हार्ट सर्जरी

सन् १९८० मा प्रारम्भ भएको इरान इराक युद्धको सुरूवात गर्ने को हुन् र कुन देशका हुन् ?
- सदाम हुसैन, इराक

हाइड्रोक्लोराइड भनेको के हो ?
- ब्राउन सुगर, हिरोइन

भारतको राजस्थानमा समाप्त हुन लागेको पक्षी कुन हो ?
- इन्डियन बस्टर्ड

'पुरूषले नियम बनाउँछ र महिलाले व्यवहार बनाउँछ' भन्ने भनाइ कसको हो ?
- डा.सिगर

सन् १९८७ को विश्व सुन्दरी ताज पाउने महिला को हुन् र कुन देशकी हुन् ?
- उला वाइनर स्टोर्फ, अष्ट्रिया

फ्रान्सका सुप्रसिद्ध फिल्म निर्देशक को हुन् र उहाँको निधन कहिले भयो ?
- जार्जेज फ्रान्जु, १९८७ नोभेम्बर ५

## Go बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Go out of somebody = हराउनु, All the misunderstandings went out of us हामीबीचका सबै मतभेदहरु हराए ।

Go out to somebody = सम्म पुग्नु All our donations go out to the relatives of victims of flood हाम्रा सबै चन्दाहरु बाढीपीडितका परिवारसम्म पुग्नेछ ।

Go out with somebody = कसैसँग लाग्नु Terry tries to go out with Saron टेरी सेरोनसँग लाग्ने कोसिस गर्दैछ ।

Go over = तरंगित पार्नु How did her speech go over yesterday? हिजो उनको भाषणले कसरी तरंगित पाऱ्यो त ?

Go over something = निरीक्षण गर्नु After going over the house, engineer did not advise us to buy घरको निरीक्षण गरेपछि इञ्जिनियरले हामीलाई त्यो घर नकिन्ने सल्लाह दियो ।

Go over to = बसाइँ सर्नु In the decade of sixties, Many Italians went over to America साठीको दशकमा धेरै इटालियनहरुले अमेरिकातर्फ बसाइ सरे ।

Go over to something = सरुवा हुनु I go over to a new assignment this week यो हप्ता मेरो सरुवा हुन्छ ।

Go round = घुमेर जानु As the main road was blocked, we had to go round मुख्य बाटो छेकिएको हुँदा हामीलाई घुमेर जानु पऱ्यो ।

Go round = फैलनु The rumor of her marriage has gone round since yesterday हिजोदेखि उनको विवाह भएको हल्ला फैलिएको छ ।

Go round with = संगतमा पर्नु Now a days he goes round with thugs आजकाल ऊ ठगहरुको संगतमा परेको छ ।

## सुडोकु–अंक ११५

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९ | | | | | | | |
| | | ६ | | ७ | ५ | | | १ |
| | | | | | ४ | | ७ | |
| | ५ | | ६ | | | १ | २ | |
| | | | ८ | | ९ | | | |
| | ८ | ४ | | | २ | | ५ | |
| | १ | | ४ | | | | | |
| ५ | | | ९ | ३ | | २ | | |
| | | | | | | | ८ | ७ |

## अंक ११४ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | १ | ८ | ७ | ९ | ६ | ४ | ३ | ५ |
| ९ | ५ | ३ | ४ | ८ | १ | ६ | ७ | २ |
| ४ | ७ | ६ | ५ | २ | ३ | ९ | ८ | १ |
| १ | ९ | ४ | ६ | ७ | ८ | २ | ५ | ३ |
| ६ | ३ | ५ | २ | १ | ४ | ७ | ९ | ८ |
| ८ | २ | ७ | ३ | ५ | ९ | १ | ६ | ४ |
| ५ | ८ | २ | १ | ६ | ७ | ३ | ४ | ९ |
| ७ | ४ | ९ | ८ | ३ | २ | ५ | १ | ६ |
| ३ | ६ | १ | ९ | ४ | ५ | ८ | २ | ७ |

# बालविकास समाजका विविध क्रियाकलाप















## तालिमको समापन तथा प्रमाण पत्र वितरण

बाल विकास समाज र सुरेन्द्र ढकाल प्रतिष्ठानको संयुक्त प्रयासमा बाल विकास समाजले सामुदायिक विद्यालयमा अध्ययन गर्ने किशोरकिशोरीहरुका लागि जीवनोपयोगी सीप तालिम सञ्चालन गरेको थियो। संस्थाले विद्यालय प्रशासनसँग समन्वय गरी किशोरकिशोरीहरुलाई तालिम दिएको हो। उनीहरुलाई हरेक शनीबार १ वजेदेखि ३ वजेसम्म तालिम दिइन्छ।

तालिममा सहभागीहरुलाई बाल अधिकार, प्रजनन स्वास्थ्य, आत्म जागरण, प्रभावकारी सञ्चार, अन्तरव्यक्ति सम्बन्ध, अनुभूति तथा सहानुभूति, सृजनात्मक सोचाइ, समालोचनात्मक तथा सकरात्मक सोचाइ, सम्वेग नियन्त्रण, तनाव व्यवस्थापन, समस्या समाधान गर्ने, निर्णय गर्ने सीप जस्ता विषयमा सिकाइन्छ। किशोरकिशोरीहरुले तालिममा सिकेका कुरालाई दौतरीमार्फत अन्य साथीहरुलाई पनि सिकाउने गरेको कुरा विद्यालयका शिक्षकहरुको भनाइ रहेको छ। यस तरिकाबाट सञ्चालन गरिने तालिमको समापन गरी सहभागीहरुलाई प्रमाण पत्र समेत प्रदान गरिने कुरा संस्थाका तालिम अधिकृत बताउछन्। जनकल्याण उच्च माध्यमिक विद्यालयका किशोरकिशोरीहरुलाई समापन कार्यक्रममा प्रमाणपत्र वितरण गरिएको हो। यस तालिमबाट दैनिक जीवनमा उपयोगी विविध विषयमा सिक्न पाएकोमा संस्थालाई धन्यवाद भन्दै सहभागीहरुले खुशी व्यक्त गरेका थिए। संस्थाले किशोरकिशोरीहरुका लागि आवश्यक विषयमा तालिम सञ्चालन गरेको र यसबाट उनीहरुलाई फाइदा हुने कुरा विद्यालयका शिक्षकहरुले बताएका थिए। अब नयाँ आउने पाठ्याक्रममा समेत जीवन उपयोगी सीपका विषयहरु समावेश भएर आउने हुनाले पनि यस विषयको तालिमलाई महत्वका साथ लिन सकिन्छ।

## बालबालिकाहरूलाई दिवा खाजा

बाल विकास समाजले आफ्नो स्थापना कालदेखि नै श्रमिक, सुविधाविहीन तथा जोखिममा रहेका नेपाली बालबालिकाहरूको क्षेत्रमा काम गर्दै आइरहेको छ। न्यून आर्थिक स्थिती भएका, पिछडिएका समुदाय, दैनिक ज्यालादारीमा काम गर्ने, विपन्न वर्गका, श्रमक्षेत्रमा काम गर्ने अभिभावकका बालबालिकाको बाल अधिकार र बाल विकासको प्रत्याभूति दिलाउने, बालश्रम न्युनिकरण गर्ने, उचित लालन–पालन तथा स्याहार सुसार बारे बाबुआमालाई व्यवहारिक ज्ञान दिनुका साथै श्रमिक अविभावकहरूलाई बालबालिका बोकेर काम गर्नु पर्ने बाध्यता तथा दाइ दिदीले भाइ बहिनी हेरेर बस्दा विद्यालय जान नपाउने अवस्था हटाउन सहयोग पुर्‍याउने अवधारणा अनुसार यस समाजले दिवा शिशु स्याहार कार्यक्रम गर्दै आइरहेको छ।

बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र जनचेतनामूलक क्षेत्रमा संस्थाले प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउने उद्देश्यले संचालन गर्दै आइरहेको छ। साथै उक्त केन्द्रमा आउने बालबालिकाको लागि संस्थाले दिनमा २ पटक दिवा खाजाको व्यवस्था गरेको छ। बालबालिकालाई खाजा तालिका अनुसार दैनिक फरक फरक खाजा खुवाउने गरिन्छ। बालबालिकालाई खाजा खुवाउन दातृ संस्था वा अरु कसैको पनि भर पर्न नपरोस् वा दातृ संस्थाले सहयोग नगरेको अवस्थामा पनि केन्द्रमा आउने बालबालिकाले खाजा खानबाट बञ्चित हुन नपरोस् भन्ने उदेश्यले यस खाजा कार्यक्रमलाई"बालबालिकासंग खाजा खाऔ कम्तिमा एक दिन सामाजिक उत्तरदायित्व वहन गरौ" भन्ने नाराका साथ अभियानको रुपमा संचालन गरिएको छ। हाल यस अभियानमा बाल विकास समाजका कार्यसमितिका सदस्यहरु, बाल विकास समाजका कर्मचारीहरु, अन्य संघ संस्था तथा समाज सेवीहरुको सहभागीता रहेको छ। विषेशगरी आफना आफन्त, आमा, वुवाहरुको तिथी श्राद्ध, कुनै अवसर खुसियाली, जन्मदिनको अवसर पारेर केन्द्रमा रहेका बालबालिकालाई खाजा खुवाउने चलन रहेको छ। यसैगरी समाजसेवी पुष्प राज अर्याल र रञ्जना घिमिरेले फरक फरक समयमा बालबालिकाहरुलाई दिवा खाजाका लागि सहयोग गर्नु भएको हो। उहाँहरुले संस्थालाई रु ५००० का दरले रकम सहयोग गर्नु भएको थियो। उहाँहरुले आगामी दिनमा यस सहयोगलाई निरन्तरता दिने प्रतिवद्धता समेत व्यक्त गर्नु भएको छ। यस क्रममा संस्थाका कार्यकारी निर्देशक कृष्ण प्रसाद सुवेदीले उहाँहरुलाई धन्यवाद दिनु भएको थियो। यो सहयोग बालबालिकाहरुका लागि ठूलो सहयोग भएको हुनाले प्रंशसनीय कार्य भएको कुरा समेत उल्लेख गर्नु भएको थियो।

**गोविन्द वि क**

## श्रीमतीलाई...

पाँच वर्ष जेल बस्नुपर्छ। यस्तो कानुन विश्व स्तरमै प्रचलित छ तर नेपालमा भने पहिलो पटक आएको हो।

## करको मारमा...

र प्रदेश सरकारले दोहोरो ढंगबाट कर लगाउँदा सर्वसाधारण पीडित भएका छन्। प्रदेश र स्थानीय तहले मात्र नभई केन्द्र सरकारले समेत चालु आर्थिक वर्षदेखि चौतर्फी रुपमा कर बढाएको छ। एउटै आर्थिक क्रियाकलापमा विभिन्न तहले कर लगाउनु र नागरिकको कर तिर्न सक्ने क्षमता विपरीत करको दायरा बढाउनु प्रचलित आर्थिक सिद्धान्तकै बर्खिलापमा छ। नेपालको संविधानको भाग २६ धारा २५० बमोजिम गठन गर्नुपर्ने राष्ट्रिय प्राकृतिक स्रोत र वित्तीय आयोग समेत गठन गरिएको छैन। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा ३३ बमोजिम अन्तरसरकारी वित्त परिषद्लाई पूर्णता दिएर कार्यान्वयनमा ल्याउन समेत सरकारले जागर देखाएको छैन। डुंगाबाट खोला तर्दा पनि जनताले कर तिर्नु परेपछि संघीयताको पीडा चर्को बन्दै जाँदैछ।

केन्द्र सरकारले नै राजस्व वृद्धि दरको लक्ष्य बढाएको छ। गत आर्थिक वर्षको तुलनामा चालु आवमा साढे ३५ प्रतिशतले राजस्व वृद्धि गर्ने लक्ष्य बजेतमार्फत लिइएको छ। गत आवमा सरकारले ७ खर्ब २६ अर्ब रुपैयाँ राजस्व संकलन गरेको थियो। त्यसमा ३५ प्रतिशत वृद्धि गरी यस आवमा ९ खर्ब ८४ अर्ब रुपैयाँ राजस्व संकलनको लक्ष्य सरकारले लिएको छ। यो केन्द्र सरकारले उठाउने, राजस्व बाँडफाँडबाट तल्ला तहमा जाने तथा तल्ला सरकारले उठाउने राजस्व समेतको समष्टि हो। यसरी अत्यन्तै महत्वकांक्षी राजस्व पूरा गर्न सरकारले टेलिफोन इन्टर नेटदेखि दैनिक उपभोग्य वस्तुहरु खानेतेल लगायतमा उच्च रुपमा कर वृद्धि गरेको छ। संघीय सरकारले तल्ला तहका सरकारलाई कर लगाउनेबारे आवश्यक निर्देशिका जारी गर्न सकेको छैन। संवैधानिक व्यवस्था अनुसार तीनवटै सरकारले कर उठाउन पाउँछन्। संविधानका अनुसूचीहरुले करको अधिकार र क्षेत्रको सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ। कतिपय कर साझा सूचीमा छन्। साझा सूचीमा रहेका कर दुई तहले उठाउने नभई एक तहले उठाएर बाँडफाँड गर्नुपर्छ। अहिले लगाएको करको विषय होइन, करको दरको विषय बढी पेचिलो बन्दै गएको छ। चटपटे र बदाम बेच्ने समेत करको कहरले पीडित बनेका छन्।

आन्तरिक द्वन्द्व र संक्रमणकाल पार गरेपछि सर्वसाधारणले गरेको अपेक्षा हो विकास निर्माण र समृद्धि। स्थानीय तहका जनप्रतिनिधिहरु सर्वसाधारणको हकहित र उन्नतिमा होइन आफ्नै सुविधा बढाउन केन्द्रित छन्। सर्वसाधारणको ढाड सेक्ने गरी कर बढाएर आफ्ना लागि गाडी र बाइक खरिद गरिरहेका छन्। भौतिक विकासका योजना निर्माणका लागि करबाट संकलित रकम प्रयोग हुने भन्दैमा एक्कासी करको दर र दायरा बढाइनु उचित हुन सक्दैन। स्थानीय सरकारले एकीकृत सम्पत्ति तथा विभिन्न दर्ता तथा सिफारिसमा लाग्ने राजस्वमा वृद्धि गरेका छन्। विभिन्न सेवा तथा व्यवसायमा समेत महँगो कर जनताको थाप्लोमा परेका छन्। संविधानले अधिकार दिएको भन्दै स्थानीय सरकारले आम्दानीको मात्रा बढाउन जनतामा करको भार थोपर्न, संघीयताप्रति नै जनतामा वितृष्णा बढाउनु मात्र हो। कर राज्य सञ्चालनका लागि हो, मुलुकको अर्थतन्त्रको महत्वपूर्ण पाटो कर हो। राज्यलाई हरेक आर्थिक क्रियाकलापमा नागरिकले कर तिर्नु कर्तव्य हो। सरकारलाई कर तिर्नु परेकोमा नागरिकको गुनासो छैन। तर जनताबाट उठेको कर जनप्रतिनिधिले आफ्नो सेवासुविधामा प्रयोग गर्नुले संघीयता 'बोकाको मुखमा कुभिन्डो' हुने खतरा बढ्दै छ।

डोकोमा साग बजार पुऱ्याउने किसानलाई कर, खोला ठेक्कामा दिएर माछा मार्नेलाई कर, विद्यार्थीलाई फोहोर कर, घाटा लागेको व्यवसाय बन्द गर्न पनि कर, मेहन्दी लगाउनेलाई पनि, जन्म विवाह र मृत्यु दर्तामा कर, मकै पोल्नेलाई पनि कर, गरिब भएको प्रमाण लिन कर, आफूलाई जीवित प्रमाणित गर्न पनि कर, क्यारेमबोर्ड खेलाउनेलाई कर, आफ्नै बारीको रुख काट्दा पनि कर, डिजेल पेट्रोलमा कर, घरको तला अनुसार कर, फिल्म सुटिङ गर्न दैनिक कर, जताततै करै कर। गाउँमा सिंहदरबार होइन गाउँमा करको तरबारको मारमा परेका छन् जनता। मुलुकका सातवटै प्रदेश सरकारले औसत ३० अर्ब हारहारीको बजेट सार्वजनिक गर्दा २८ अर्ब २७ करोड रुपैयाँ आन्तरिक राजस्व उठाउने लक्ष्य राखेका छन्। सात सय ५३ स्थानीय तहको लक्ष्य पनि महत्वकांक्षी छ। अनियन्त्रित रुपमा यसरी नै कर वृद्धि हुँदै जाने हो भने जनताले संघीयतालाई सद्गत नगर्लान् भन्न सकिन्न।

देशभरिका ६ महानगर, ११ उपमहानगर, २७६ नगरपाकिला ४ सय ६० गाउँपालिका ७ सय ५३ वटै स्थानीय तहले अनेक नाममा जनतालाई कर लादेका छन्। धनगढी उपमहानगरले त प्रति साइकल यात्री १५ रुपैयाँ कर तोकेको छ। साइकल चढ्दा पनि कर तिर्नुपर्ने भएपछि गरिब जनताको हालत के हुन्छ ? जनतालाई के कस्ता सुविधा दिन सकिन्छ भन्नेतर्फ होइन, तीनै तह उनीहरुबाट कसरी कर असुली गर्न सकिन्छ भनेर लागेका छन्। संघीयताको सफलता र असफलता मुलुकको आर्थिक क्षमतामा निर्भर हुन्छ। जब मुलुक समृद्ध हुँदै जान्छ, नागरिकको जीवन स्तरमा सुधार आउँछ, तब राष्ट्रियताको भावना समेत अभिवृद्धि हुन्छ। नेपालमा विद्यमान एकात्मक प्रणाली सामन्ती केन्द्रिकृत र नोकरशाही प्रकारको थियो। एकात्मक प्रणाली जनताको हितमा नभएकाले संघीयताको अवलम्बन गरिएको हो। एकात्मक प्रणालीको विकल्प संघीयतालाई रोजियो तर संघीयताको सट्टा विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासनमाथि आधारित एकात्मक शासन प्रणाली पनि विकल्प हुन सक्थ्यो। जसले राष्ट्रियतालाई समेत मजबुत बनाउँथ्यो। तर भारतले मधेसी दलहरुमार्फत संघीयताको मागलाई अगाडि ल्यायो। कांग्रेस, तत्कालीन एमाले र माओवादीले भारतीय दबाबमै संघीयतालाई स्वीकार गरे। नेपालमा जातीय र क्षेत्रीय विग्रह तथा राष्ट्रिय विखण्डनको स्थिति सिर्जना गर्नु भारतीय शासक वर्गको एक मात्र मिसन रहेको छ। भारतको अन्तिम उद्देश्य भनेको नेपाललाई भारतीय नक्सामा गाभ्नु नै हो। संघीयताले यतिबेला आम जनजीवनलाई भयावह बनाइरहेको छ। महँगी, असुरक्षा, भ्रष्टाचार र कर वृद्धिका विरुद्ध जनता सडकमा उत्रिन बाध्य हुँदैछन्। जनविद्रोहले संघीयता बढारिने सम्भावनालाई नजरअन्दाज गर्न सकिन्न।

## प्रकाण्डको...

प्रवक्ता भनेको झन्डै पार्टी अध्यक्ष बराबरको पद मानिन्छ। प्रकाण्डले के अपराध गरे र उनलाई सरकारले गिरफ्तार गर्नुपऱ्यो ? यसको जवाफ गृहमन्त्री थापाले दिन सकेका छन्। उनले कसैको ज्यान लिएका छैनन् न बलात्कारजन्य आपराधिक कार्य नै गरेका छन्। उनीमाथि लगाइएको एउटै आरोप छ, सात

करोड चन्दा असुलेको। सर्वविदित छ, नेपालका सबै राजनीतिक पार्टीहरु चन्दा उठाएरै चलेका छन्। झन् चुनावका बेला त व्यापारीहरुसँग मोटो रकम चन्दा लिन्छन् राजनीतिक दलहरु। गृहमन्त्री थापाको तत्कालीन पार्टी माओवादी केन्द्रले पनि तस्कर र काला व्यापारीहरुसँग भरपुर चन्दा उठाएकै हो। यस अर्थमा प्रकाण्डले आफ्नो पार्टीका लागि चन्दा संकलन गर्नु स्वाभाविक हो।

आजको नयाँ नेपाल निर्माणमा प्रकाण्डको देन कम महत्वपूर्ण आँक्न मिल्दैन। संविधानसभा र गणतन्त्रका लागि बादलसँगै उनी पनि बन्दुक बोकेर राज्य पक्षसँग लडेका योद्धा हुन्। फरक यत्ति नै हो बादल अहिले सत्तामा छन् प्रकाण्ड जेलमा। त्यो दिन पनि आउन सक्छ प्रकाण्ड सत्तामा र बादल जेलमा। राजनीति नीतिहरुकै सर्वश्रेष्ठ नीति मानिन्छ। प्रकाण्डले अपराध गरेका होइनन्, गरिरहेका छन् राजनीति। राजनीति निर्मम हुन्छ। बाबुले छोरा थुन्छ छोराले बाबु। राजनीति चक्रजस्तै गतिशील छ। आज प्रकाण्डका हातमा लागेको हत्कडी भोलि बादलका हातमा नलाग्ला भन्न सकिँदैन। देशको मन्त्री भइसकेको मान्छेलाई चोर डाका ज्यानमारा जस्तो गरी हत्कडी लगाएर टिभी पत्रपत्रिका र सामाजिक सञ्जालमा उनको तस्बिर प्रदर्शन गरिनु लोकतन्त्रकै बेइज्जत गर्नु होइन र ?

## प्रेस स्वतन्त्रता...

त्यसबाट कसैको गाली बेइज्जती भएको ठहर भएमा पत्रकार, सम्पादक र प्रकाशकलाई तीन वर्षसम्म जेल सजाय हुने व्यवस्था ऐनले गरेको छ। संहिताको २९३ देखि ३०८ सम्मका दफामा समेटिएका प्रावधानले प्रेस स्वतन्त्रतामा गम्भीर हस्तक्षेप निम्त्याउने स्पष्ट देखिन्छ। अब कुनै पनि निकायले जारी गरेका आधिकारिक सूचनाबाहेक त्यहाँभित्र भएका गोप्य कुराहरु खोजतलास गरेर बाहिर ल्याउन कानुनले लगाम लगाउने भएको छ। गुप्त सूचनाहरु बाहिर ल्याएर आम जनतामा जानकारी गराउनु र गलत कामकारबाहीको भण्डाफोर गर्नु पत्रकारिताको धर्म हो। राज्यरुपी जहाज ठीकसँग चलेको छ कि छैन भनेर निगरानी राख्ने प्रेस जगतलाई घाँटी निमोठ्ने प्रयास गरेर आफ्ना भजनमण्डलीलाई मात्र उत्पादन र संरक्षण गर्न प्रोत्साहन गर्ने गरी ऐन आउने भएको छ। सत्ताधारीले तोकेको भजन गाउनु, उनीहरुले गरेका भाषण, उद्घाटनका समाचार गर्नुभयो, भन्नुभयो भन्दै दिनुमा प्रेसको भूमिका सीमित पार्ने षड्यन्त्रको सबैले एक जुट भएर भण्डाफोर गर्नैपर्ने हुन्छ।

# असल नागरिक, राष्ट्रवादी शक्ति र राजनीतिक दल-२

**पूर्ण ओली**

भोका नांगा जनताको नाममा राज गर्ने सत्ताका भोका यी नेताहरूले देशको मागअनुसार नयाँ संविधान समयमा बनाई देशलाई सुशासन दिनुपर्नेमा सत्ताको सुखसुविधाका लागि दौडिरहेका देखिन्छन्। जनताको अगाडि मिठा भाषण र आश्वासन दिएर जनतालाई सधैँ ढाँट कुरा गरेर अलमल्याउने कार्य मात्र गर्दै आएका देखिए।

एकपटक अमेरिकाका भूतपूर्व राष्ट्रपति रोनाल्ड रेगनले भनेका थिए, कलाकार नबनी कसरी नेता बन्न सकिन्छ ? भन्नुभएको थियो। उहाँ पनि पहिला हलिउडको कलाकार हुनुहुन्थ्यो। नेताले जनतालाई कहिलेकाही ठाउँ हेरी ढाँट्नुपर्ने, रुनुपर्ने, हँसाउनुपर्ने र मासको अवस्था हेरी ताली पाउन त्यहीअनुसार बोली जनतालाई मूर्ख बनाउन सक्नुपर्ने यो सब कलकारिता हो। अब नेपाली जनताले देशलाई भ्रष्टाचारमा डुबाउने, निहत्था जनता मार्ने, नातावाद र कृपावादमा रमाउने र अनैतिक, राष्ट्रघाती काम गर्ने व्यक्तिहरूलाई कडा कानुन ल्याई अन्य देशमा गरे सरह प्रधानमन्त्री, मन्त्री, भूतपूर्वमन्त्री, नेता, उच्च ओहोदामा रहेका पदको दुरूपयोग गर्ने जोसुकैलाई लामो समयसम्म जेलमा राख्न सक्ने र निजहरूको अवैध सम्पत्ति जफत गर्ने व्यवस्था हुनुपर्छ। त्यो नभइन्जेल नेपालमा परिवर्तन आउन सक्तैन र नेपाली जनतामा आएको निरासा पनि हट्ने छैन।

आज हाम्रो समाजमा राजनीतिज्ञ र राजनीतिको आडमा भएका नबधनाढ्यहरू प्रसस्त छन्। उनीहरूले आफ्नो सम्पत्तिको सानो अंश पनि सामाजिक कार्यमा खर्च गर्न चाहँदैनन् तर पनि उनीहरूलाई सबैले ठूलो मान्छे भनिदिनु पर्ने, आफ्नो स्वार्थभन्दा बाहिर एउटा सिन्को पनि नभाँच्ने सम्पन्न वर्ग हाम्रो समाजमा प्रसस्त पाइन्छन्। अहिले विभिन्न तरिका अपनाई वैध अवैध तरिकाबाट रातारात प्रसस्त सम्पत्ति कमाउने नबधनाढ्य र समाजका लागि केही नगर्ने समूहले जबसम्म समाजको विकासको कार्यमा सहयोग पुऱ्याउँदैनन्, कल्याणकारी काम गर्दैनन्, उनीहरूले हामी ठूला वर्ग भनेर गम्किनुभन्दा आफू पनि यही देशको नागरिक भएकाले मेरो पनि समाज र राष्ट्रप्रति केही जिम्मेवारी छ भनेर सोच्नु उचित हुनेछ। तबमात्र उनीहरू असल र राष्ट्रवादी नागरिक बन्नेछन्।

पहिले कांग्रेसलाई भारतीय दलाल भनी गालीगलौज गर्ने वामपन्थी पार्टी एमालेले नै मध्यरातमा नेपाली कांग्रेससँग मिली टनकपुर सन्धिमा हस्ताक्षर गरेपछि उसको राष्ट्रियताको नारा खोक्रो भएको हो। भारतीय विस्तारवादको विरोध गर्ने, राष्ट्रियताको चर्को नारा दिएर संगठन बिस्तार गर्ने एमाओवादी पार्टीको राष्ट्रियता त्यतिबेला खोक्रो भयो जब अध्यक्ष प्रचण्डले प्रधानमन्त्रीको रूपमा पहिलो भारत भ्रमण गरे। नेपाली जनताले सोचेभन्दा पृथकरूपमा भारतको प्रशंसा गर्दै राष्ट्रियताको नारा ओकल्ने प्रचण्डले सन् १९५० को नेपाल-भारत सन्धि पुनरावलोकन गर्ने कुरा राखी औपचारिकता मात्र पूरा गरे। कालापानी, सुस्ता, महेशपुर जस्ता राष्ट्रको सीमाका बारेमा केही बोल्न नसकेका प्रचण्डले सीमा नियन्त्रण गर्ने या यसलाई व्यवस्थित गर्ने प्रस्तावसम्म राख्न सकेनन्। भविष्यमा भारतको समर्थन र सहयोगद्वारा प्रधानमन्त्री या राष्ट्रपति बन्ने कुत्सित महत्वकांक्षा पालेका प्रचण्ड भारतलाई चिढ्याउन चाहँदैनथिए। त्यसैले उनी खाली हात फर्के। त्यो नेपाली जनताका लागि धोका थियो। राष्ट्रिय नेताहरूले बुझ्नुपर्ने कुरा के हो भने भारत नेपालका पार्टी र नेताहरूलाई एक एक गरी नचाउन चाहन्छ। उसको स्वार्थ अनुकूल सत्तामा खेलबाड गर्छ। परिणामतः नेपालको राजनीतिमा कहिल्यै स्थिरता आउँदैन। नेपाली जनता सधैं यसको मारमा परिरहेका छन्।

छिमेकी तथा मित्रराष्ट्रहरूसँगको दौत्य सम्बन्ध कुनै एउटा विशेष पार्टीसँग मात्र सीमित हुँदैन। त्यसका लागि सबै पार्टीले राष्ट्रको हित हुने गरी राष्ट्रको सुरक्षा, सार्वभौमिकतालाई ध्यान दिँदै दूरदर्शी सोच, चिन्तन राखेर एउटा ठोस नीति तय गर्नुपर्छ। प्रत्येक राष्ट्रको आफ्नो देश सुहाउँदो परराष्ट्र नीति हुन्छ, त्योभन्दा बाहिर कुनै पनि नेता कुटनीतिज्ञ जाँदैनन्, त्यस कुरालाई हाम्रा प्रबुद्ध नेता तथा विज्ञहरूले राम्रोसँग बुझेकै हुनुपर्ने हो।

२००७ सालको दिल्ली सम्झौतामा भएको गल्तीको अर्को रूप ७ पार्टी र माओवादीको दिल्लीमा १२ बुँदे सम्झौता गरी अर्को गल्ती गरेका छन्। त्यही चिज नेपालको कुनै जमिनमा गर्न सकेको भए यति धेरै क्रेडिट भारतले लिन पाउने थिएन होला। यो भारतले लगाएको गुन होइन, हाम्रा नेताको सामान्य विवेक हराएको देखिएको छ। सत्ताका लागि जे गर्न पनि तयार हाम्रा नेताहरूलाई आफ्नो राष्ट्र, राष्ट्रियता, विकास, सार्वभौमको मतलबभन्दा सत्ताको बागडोर हातमा आउँछ भने जे गर्न पनि तयार हुने देखिन्छन्। भारतले नेपाललाई दिइने सहयोगमा उसको स्वार्थ लुकेको हुन्छ। उसको हितमा नहुने छ भने नेपालको जतिसुकै हित हुने र नेपाली जनताको जीवन र मरणको सवाल छ भने पनि उसले त्यो गर्न चाहँदैन वा गर्न दिँदैन।

२०४६ सालमा नेपालविरुद्ध भारतले लगाएको १८ महिना लामो नाकाबन्दी होस्, भुटानी शरणार्थी समस्या समाधानमा भारतले गरेको असहयोग होस्, पश्चिम नेपालको बाँके बर्दियामा बन्न लागेका सिक्टा सिंचाइ योजनाको विरोध होस्, वा नेपाल-भारत सीमामा भारतले आफ्नो मात्र हित हेर्दै बनाइएका बाँधहरू हुन्। यीलगायत अरु कतिपय सिंचाइ आयोजनाहरू भारतले विदेशी दातृ राष्ट्रहरूलाई पनि सहयोग गर्न वन्चित गरिरहेको छ। भारतले टनकपुरमा आफूखुसी बाँध बाँधी आफूलाई चाहिने पानी प्रयोग गरिरहेको छ। केही पानी नेपाललाई दिन बाध्य भए पनि अहिलेसम्म नेपालतर्फ नहर बनाउन थालेको पनि छैन। विगतका कोसी-गण्डकमा बनेका बाँधहरूका उदाहरण पनि हेर्न सकिन्छ। यो हामी सबै नेपालीले बुझेको छ। भारतले नेपाल सरकारको इच्छाअनुसार सहयोग नगरी आफ्नै दीर्घकालीन फाइदा हेरी काम गरेको देखिन्छ। धेरै कुरामा भारतको सहयोगबिना नेपालको विकासमा धेरै अप्ठ्यारो पर्ने हुनाले यो बाध्यताको फाइदा उसले लिइरहेको छ। तैपनि शिक्षा र स्वास्थमा भएको भारतको सहयोगलाई भने नकार्न सकिदैंन। हाम्रो जस्तो गरिब र पिछडिएको राष्ट्रले अन्य तेस्रो राष्ट्र वा छिमेकीको सहयोग लिँदा उनीहरूको स्वार्थलाई मान्नुपर्ने बाध्यता हुन्छ। हामी जहिले जे कुरामा पनि विदेशीकै मुख ताकेर बसिरहन्छौं। हामीले आत्मनिर्भर हुनतिर कहिल्यै सोचेनौं। राष्ट्रका कुनै पनि विषयमा विदेश नीतिमा नेपाल पछाडि पर्छ किनकि उसको पूर्वगृहकार्य हुँदैन।

नारामा राष्ट्रवाद पञ्चायती व्यवस्थादेखि नै देखिँदै आएको हो। साँच्चै भन्ने हो भने पञ्चायती व्यवस्था ३० वर्षसम्म टिकेको पनि यही राष्ट्रियताको नाराले नै हो। २०१५ सालको आम निर्वाचनमा दुईतिहाई बहुमत पाएको नेपाली कांग्रेसको पछिल्ला दिनमा लोकप्रियता घट्दै गयो। किनकि उसले राष्ट्रियतामा आँच आउने कोसी र गण्डकी जस्ता नेपाल-भारतका बाँधको सम्झौता गऱ्यो।

नेपाली जनताले जहिले पनि राष्ट्रियताको पक्षमा वकालत गर्ने पार्टीलाई नै साथ दिँदै आएका छन्। तर उनीहरूको व्यवहार हेर्दा राष्ट्रियता नारामा र उद्देश्य सत्ता प्राप्तिको स्वार्थी खेलमा मात्र देखिएकाले जनताले अब निस्वार्थी, इमानदार, विवेकशील, दूरदर्शी नेतृत्वको चयन गर्नमा गल्ती गर्ने छैनन् भन्ने मलाई लाग्छ।

पार्टी र नेताहरूको सत्तामुखी राष्ट्रियताको नाराले देशलाई अधोगतितीर धकेल्छ। त्यसैले अब हामीले सच्चा राष्ट्रवादी, जनप्रेमी, निस्वार्थी व्यक्तिको छनोटमा गल्ती गर्नु हुँदैन। देशलाई आत्मनिर्भरतर्फ डोऱ्याई स्वाभिमानपूर्वक शिर ठाडो पारी नेपाली भएर बाँच्न पाउने अधिकार र स्वतन्त्रता हामीलाई चाहिएको छ। विभिन्न विधामा रहेर पनि राष्ट्रोत्थानमा लागिरहने व्यक्तित्वहरू यहाँ छन्। उनीहरूलाई देशको नीति निर्माण तहमा पुऱ्याउन सके हामी सबैको कल्याण हुन्छ। नत्र देश र जनता यिनै स्वार्थी, महत्वकांक्षी र विदेशीको इशाराको चल्ने नेताहरूको गोलचक्रमा फसिरहनेछन् र त्यो भड्खालोबाड हामी कहिल्ये माथि निस्कन पाउनेछैनौं। र, एकदिन 'नेपाल' को अस्तित्व नै विलय भई हामी पराधीन हुनेछौं।

## बढ्दो महिला हिंसा...

ब्युरोको सन् २०१६ को तथ्यांक अनुसार ६ वर्ष कम उमेरका नाबालिकामाथि ४६२ वटा यौन हिंसाका घटना दर्ता भएका छन्। यस्तै ६ देखि १२ वर्षका बालिकामाथि १ हजार ४७४, १६ वर्षका किशोरीमाथि ५ हजार ७६९, १६ देखि १८ वर्षका किशोरीमाथि ८ हजार २९५, १८ देखि ३० वर्ष उमेरका महिलामाथि १५ हजार ३४६, ३० देखि ४५ वर्षका महिलामाथि ४८४ र ६० वर्षभन्दा माथिका वृद्ध महिलामाथि उत्पीडन भएका ५५ वटा मुद्दा दर्ता भएका छन्। ६ वर्षभन्दा कम उमेरका बालिमाथि र ६० वर्षभन्दा माथिका वृद्ध महिलामाथि बलात्कार हुनु र गर्भवती महिला समेत यस्ता हिंसाको सिकार हुनुले यो तथ्यांक भयावह देखिन्छ। सन् २०१५ मा कोलकत्तामा ७१ वर्षीया वृद्धामाथि सामूहिक बलात्कार र २०१७ मा पाँच वर्षकी बालिकाको बलात्कारपछि हत्या भएको थियो। भारत प्रशासित जम्मु कास्मिरमा आठ वर्षकी बालिका असिफा र पाकिस्तानमा सात वर्षकी जेनवमाथि बलात्कारपछि हत्या भएको घटना ताजै छ। यस्ता घटनामा जनताले निर्वाचित गरेका प्रतिनिधि नै सहभागी हुनु कति विडम्बनापूर्ण छ।

दिल्लीमा भएको सामूहिक बलात्कारपछि कथित धर्मगुरु आसारामले भनेका थिए- पीडित पनि त्यत्तिकै दोषी हुन्छन, जति बलात्कारी दोषी छन्। उनीहरुले अपरिचितलाई 'दाजुभाइ' भन्दै आफ्नो नजिक आउन स्थान दिन्छन्। तिनै आसाराम किशोरी बलात्कार आरोपमा जेलको सजाय भोगिरहेका छन्। भारतमा चिनजातभित्रैबाट गत वर्ष ३४ हजार ६ सय ५० परिवारभित्रबाट ५७२, नजिकका नातेदारबाट ९५०, छिमेकीबाट १० हजार टाढाका नातेदारबाट भएका यौन हिंसाका १५ हजारभन्दा बढी घटना दर्ता भएका एनसीआरबीको तथ्यांकले देखाउँछ। भारतमा मात्र होइन, महिला हिंसाका घटनाहरु विश्वमै बढिरहेका छन्।

संसारकै सबैभन्दा सुसम्पन्न र शक्तिशाली देश अमेरिकाको दुई वर्षअघिको तथ्यांक हेर्ने हो भने ९९ प्रतिशत बलात्कारी पुरुष हुने गरेका छन् भने ९१ प्रतिशत महिला र ९ प्रतिशत पुरुष यौन हिंसाको सिकार हुने गरेको पाइन्छ। भारतमा हरेक २२ मिनेटमा एक महिलामाथि बलात्कार हुन्छ। दक्षिण अफ्रिकामा साना बालिमाथि सबभन्दा बढी यौन हिंसा हुने गरेको पाइन्छ। ब्रिटेनमा हरेक वर्ष हजारौं यौन उत्पीडनका मुद्दा दर्ता हुने गरेका छन्। जर्मन, फ्रान्स, डेनमार्क, क्यानडा, स्वीडेन, अष्ट्रेलिया जस्ता विकसित र शिक्षित मुलुकमा यौन हिंसाको तथ्यांक ठूलै देखिन्छ।

विश्वमा धेरै देशमा अहिले पनि बलात्कारीलाई मृत्युदण्डको व्यवस्था छ। तर महिलामाथि कुनै यौन हिंसाका घटनामा कुनै कमी आएको छैन। नेपालमा पनि पछिल्लो समयमा यौन हिंसाका घटनाहरु दिनानुदिन बढिरहेका छन्। पछिल्लो समयमा पत्रपत्रिका, सामाजिक सञ्जालमा बलात्कार आरोपीलाई मृत्युदण्ड दिनुपर्ने माग उठिरहेको छ। नेपालको कानुनमा मृत्युदण्डको व्यवस्था छैन।

संघीय संसदभित्र पनि केही महिला सांसदहरुले बलात्कारीलाई मृत्युदण्ड सजायको आवाज उठाएका छन्। जंगबहादुर राणाले सन् १९०३ मा लागू गरेको मुलुकी ऐनलाई मुलुकी संहिताले विस्थापन गरेको छ। महिला हिंसालाई निरुत्साहित गर्न संहितामा कडा सजायको व्यवस्था गरिएको छ। तर कडा कानुन वा मृत्युदण्डकै व्यवस्थाले मात्र महिला हिंसा घटाउने होइन। न त प्रहरीहरुको प्रयासले नै यसलाई कम गर्छ। स्वयं प्रहरी सुन्तली धामी आफ्नै सहकर्मीबाट बलात्कृत हुनु परेको घटना स्मरणीय छ। राजनीतिक आडमा हुने यौन अपराधलाई निरुत्साहित गर्ने हो भने मात्र पनि यौन हिंसाका घटनामा कमी आउन सक्छ। राजनीतिक सुसंस्कार युक्त शिक्षित समाज बनाउनतर्फ राज्य जति अग्रसर हुन्छ महिला हिंसा त्यति नै कम हुन्छ। कुनै पनि जात, धर्म वा राजनीतिका नाममा बलात्कारीलाई जोगाउने प्रयास गरिनुहुन्न।

## कोसी ब्यारेज...

ब्यारेजको निर्माण, सञ्चालन तथा मर्मत सम्भार लगायतका व्यवस्थापकीय पक्षमा भारतको एकाधिकार रहेको छ। तर ब्यारेजको सुरक्षाको जिम्मेवारी भने नेपाली पक्षको रहेको छ। कोसी ब्यारेजको आवश्यक सुरक्षा व्यवस्थापन नेपाली पक्षले गर्न नसकेको भन्दै भारतले आफ्नो सैन्यबल नेपाल भित्र्याउन खोजिरहेको छ। जबकि ब्यारेजको सुरक्षा व्यवस्थाप्रति नेपाली पक्ष गम्भीर रहेको छ।

नेपालमा सैन्य दस्ता खडा गर्ने भारतको रणनीतिक एजेन्डा पुरानै हो। कहिले एयरपोर्टमा भारतीय एयरमार्सल राख्न भारत माग गर्छ त कहिले कोसी ब्यारेज सुरक्षा चासो व्यक्त गर्छ। भारतबाहिर आफूले निर्माण गरेको संरचनाको सुरक्षाका लागि आफ्नै सैन्यबल राखेर दक्षिण एसियामा आफ्नो प्रभाव देखाउने नीतिअनुसार भारतले सुरक्षाको मुद्दालाई रणनीतिक रुपमा उठाउने गरेको छ। नेपाली पक्षले कोसी सम्झौतामा समयानुकूल परिमार्जन तथा मुआब्जा लगायतका मुद्दामा बार्गेनिङका लागि पनि भारतले सुरक्षा मुद्दाको विषय उठाएको जानकारहरुको बुझाइ छ।

## १४ मजदुर...

श्रमिक विरोधी दफाहरु अविलम्ब खारेज गरियोस्, आधारभूत पारिश्रमिक २२ हजार तोकियोस्, उक्त वृद्धि रकम सबै तह, क्षेत्र र श्रमिकहरुका लागि लागू गरियोस्, होटेल एसोसिएसन र नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी सम्बद्ध ३ वटा ट्रेड युनियनहरुबीच जेठ १२ गते भएको सहमति खारेज गरियोस्, तत्कालीन सरकार, रोजगारदाता र कांग्रेस तथा हालको कम्युनिस्ट पार्टी समर्थित ट्रेड युनियनहरुले २०६८ सालमा गरेको सहमतिअनुसार सामाजिक सुरक्षा कोषको रकम सहमति गरेको मितिदेखि जम्मा गरियोस्, श्रमिकहरुको पंजीकरण गर्ने व्यवस्था गरियोस्, श्रमिकहरुको रोजगारी र सुरक्षाको व्यवस्था गरियोस्, हामीले माग गरेको वृद्धि रकम २०७५ साल साउन १ गतेदेखि लागू गरियोस्। मागकर्ता ट्रेड युनियन महासंघहरुमा राष्ट्रिय प्रजातान्त्रिक ट्रेड युनियन महासंघ, स्वतन्त्र प्रजातान्त्रिक ट्रेड युनियन महासंघ, राष्ट्रिय (हाल समाजवादी) लोकतान्त्रिक ट्रेड युनियन महासंघ स्वतन्त्र, मधेसी ट्रेड युनियन महासंघ, नेपाल ट्रेड युनियन महासंघ, राष्ट्रिय कर्मचारी महासंघ नेपाल, नेपाल समाजवादी ट्रेड युनियन महासंघ, नेपाल ट्रेड युनियन फेडरेसन, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ, प्रगतिशील नेपाल स्वतन्त्र ट्रेड युनियन महासंघ, अखिल नेपाल ट्रेड युनियन महासंघ, क्रान्तिकारी ट्रेड युनियन महासंघ र अखिल नेपाल ट्रेड युनियन महासंघट्रेड युनियन महासंघ रहेका छन्।

## चिकित्सकहरुलाई...

संघको ठहर छ। यस्तो कानुनी प्रावधान कायम रहँदा कुनै पनि चिकित्सकले अति जोखिममा पुगेका बिरामी नजाँच्ने र अन्तै रिफर गर्ने सम्भावना बढ्ने चिकित्सहरुको भनाइ छ। मानसिक तनाव लिएर बिरामीको उपचार गर्न नसकिने उनीहरुको भनाइ चिकित्सकीय कोणबाट ठीकै होला तर सिकिस्त बिरामीहरु नजाँच्ने चिकित्सकहरुले गर्न थाले भने देशमा ठूलै समस्या सिर्जना हुन्छ। लोकतान्त्रिक व्यवस्थामा जनदबाब बढेपछि सरकार कानुन बनाउन बाध्य हुन्छ। चिकित्सहरुका लापर्बाहीले बिरामीको मृत्यु भएको, एउटा घुँडाको अप्रेसन गर्नुपर्नेमा अर्कै घुँडाको गरेको, अप्रेसन गर्दा कैंची र धागो पेटभित्रै रहेको समाचार विगतमा बाहिर आए। यही कारण सरकारले कडा कानुन तर्जुमा गर्नु परेको हो। चिकित्सकहरुको लापर्बाही र हेलचेक्रयाइँलाई निरुत्साहित गर्न कानुनले सघाउने अपेक्षा गरिएको छ।

## खस्कियो...

सन् २०१८ मा कमजोर हुँदै गएको थियो। सन् २०१८ को प्रारम्भमा अमेरिकी डलरको तुलनामा भारतीय रुपैयाँको परिवर्त्य दर ६३.६७ रुपैयाँ थियो। भारतको सबैभन्दा ठूलो आयात नै खनिज तेल हो। भारतले कूल आवश्यकताको दुई तिहाई तेल आयात गर्दछ। कच्चा इन्धनको मूल्यमा हुने वृद्धिले भारतीय मुद्राको अवमूल्यन हुने गरेको छ। रुपैयाँमा आएको गिरावटले भारतको चालू खाताको घाटालाई थप वृद्धि गर्ने उनीहरुको ठम्याई छ।